जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जंगली च्याउहरु विषालु पनि हुन सक्छन्, त्यसैले राम्ररी पहिचान गरेर मात्र खाऔं। खेती गरेर उमारेका च्याउ खाने गरौं। जीवन सुरक्षित गरौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ • अंक २९८ • २०८० साल चैत्र १२ गते सोमबार (25 March, Monday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## होलीमा सुरक्षा व्यवस्था कडा

**टुडे समाचारदाता**

जनकपुरधाम। तराई/मधेशमा होली सोमवार र मंगलवार मनाइँदैछ। मिथिला परिक्रमाको मान्यता अनुसार होली मंगलवार मनाइनेछ।

तर मधेशको अधिकांश पालिकाहरुमा सोमवार नै होली मनाइँनेछ। मधेशमा होलीमा जबरजस्ती रंग अबीर दल्ने, मदिरा सेवन गरी उत्पात मच्चाउनेलाई कारबाही गरिने प्रहरीले जनाएको छ।

होलीमा सुरक्षा व्यवस्थालाई अत्यन्त कडा बनाइएको प्रहरीले जनाएको छ। मदिरा सेवन गरी सवारी चलाउनेलाई पनि कारबाही गरिने बताइएको छ।

रंगअबीरको त्यौहार होलीलाई सदभावपूर्ण रुपमा मनाउन प्रहरीले अपिल गरेको छ। तराई/मधेश बाहेकका जिल्लाहरुमा आइतवार नै होली पर्व मनाइएको छ। राजधानी काठमाण्डुमा रहने मधेशीहरुले पनि आइतवार नै होली सम्पन्न गरेका छन्।

होलीको दिन नगर र ग्रामीण क्षेत्रमा समेत भारी संख्यामा सुरक्षाकर्मी परिचालित रहने बताउँदै मधेश प्रदेशका प्रहरी प्रमुख डीआईजी यज्ञविनोद पोखरेलले जनाएका छन्। होलीलाई सदभावपूर्ण ढंगले मनाउन उनले आव्हान गरेका छन्।

### १५ दिने परिक्रमा डोला जनकपुरधाममा

# आज अन्तगृह परिक्रमा, मंगलवार होली

**टुडे समाचारदाता**

जनकपुरधाम। मिथिलाको प्रसिद्ध १५ दिने माध्यमिकी परिक्रमा आइतवार जनकपुरधाम आइपुगेको छ। परिक्रमाका सहभागीहरु बिहानैदेखि आउन थालेपछि भित्री बजारका सडकहरुमा मानिसको भीड लागेको छ।

मिथिलाको माध्यमिकी परिक्रमा धनुषा जिल्लाको कचुरीस्थित मिथिला बिहारीको मन्दिरबाट प्रारम्भ हुन्छ। मिथिला बिहारीको डोला पहिलो दिन जनकपुरधामको हनुमानगढीमा विश्राम गर्छन्। तर औपचारिक रुपमा परिक्रमा प्रारम्भ स्थल भारतको बिहार राज्यको कल्याणेश्वर स्थान मन्दिरबाट हुने गर्छ।

१५ दिन सम्म परिक्रमा गर्ने यात्रुहरुका अतिरिक्त आइतवार भारी संख्यामा श्रद्धालुहरु अन्तगृह परिक्रमाका लागि आएका छन्। उनीहरु सोमवार बिहान पवित्र गंगासागर, धनुषसागर लगायतका जलासयहरुमा स्नान गरी जनकपुरधामको अन्तगृह परिक्रमा( पञ्चकोशी परिक्रमा)गरेपछि परिक्रमाको यात्रालाई पूरा गर्छन्।

परिक्रमाका सहभागीहरुले भारतको चार स्थान र नेपालको एघार स्थान गरी कुल १५ स्थानमा बास बस्ने गर्छन्। परिक्रमामा मिथिला बिहारी भगवानको डोला र सुन्दर सदनको डोला प्रमुख रुपमा हुन्छ। अन्य मठमन्दिरका डोलाहरु पनि परिक्रमा गर्छन्।

परिक्रमाका सहभागीहरु हरेक वासामा रात्री विश्राम गर्छन्। विश्रामस्थलहरु धार्मिक र सांस्कृतिक महत्वसित जोडिएका छन्। दिनभरि यात्रा गर्ने र साँझ अगावै भोजन गर्ने परिक्रमावासीहरुले नांगो खुट्टा हिड्ने गर्छन्।

परिक्रमा सडक र त्यससित जोडिएका विश्रामस्थल, बस्तीहरुको विकासका लागि गुरुयोजना बनाइए पनि त्यस अनुकुल काम हुन सकेको छैन्। परिक्रमाका सहभागीहरुको विश्रामस्थलमा समेत पिउने पानी, बसोबास र शौचालयको समुचित प्रबन्ध नहुँदा यात्रा कष्टकर हुने गरेको सहभागीहरुको दुखेसो छ।

नेपाल र भारतको सम्बन्धलाई सुदृढ बनाउने धार्मिक एवं सांस्कृतिक महत्वका बिभिन्न महोत्सवहरु मध्ये परिक्रमा पनि एक



प्रकारको महोत्सव नै रहेको सन्त राम प्रवेश दासले बताए।'दुई देशबीचको सम्बन्धलाई जीवन्त राख्न परिक्रमाको पनि महत्वपूर्ण स्थान छ' उनले भने-'परिक्रमा मार्गलाई सहज बनाउन नेपाल र भारत सरकारले संयुक्त रुपमा ध्यान दिन आवश्यक छ।

कतिपय वासा जोड्ने सडक नहुँदा परिक्रमाको डोलासँगै सहभागीहरु खेतबाट जाने गर्छन्। थोरै वर्षा हुँदा सहभागीहरुको यात्रा नै कष्टकर हुने गरेको दासले बताए।

नेपालको एघार स्थानको भन्दा भारतको चार स्थानको जोड्ने मार्ग खराब रहेको सहभागीहरु बताउँछन्। परिक्रमा पथलाई नांगो खुट्टा सहज रुपमा हिड्न सक्ने बनाउन उनीहरुको माग छ।

१५ दिने परिक्रमा प्रारम्भ गरेपछि कम्तीमा पाँच वर्ष गर्नुपर्ने मान्यता रहेको छ। परिक्रमामा साना मठमन्दिरका सन्तमहन्त र मध्यवर्गीय परिवारका सदस्यहरुको सहभागिता बढी देखिन्छ। अनेकौ भगवानको परिक्रमा एकसाथ हुने मान्यता रहेको छ।

मिथिला महात्म्यका अनुसार विगतमा मिथिलाको बृहत्त परिक्रमा गरिन्थ्यो। त्यसमा लामो समय लाग्ने गर्थ्यो। त्यसकारण परिक्रममा साधु सन्त बाहेकका श्रद्धालुहरुको सहभागिता हुँदैन्थ्यो। त्यसपछि सिद्ध मौनी बाबाले हालको मिथिला माध्यमिकी परिक्रमाको प्रारम्भ गरेको हिन्दू सम्बन्धी बिभिन्न पुस्तकहरुमा उल्लेख छ।

मिथिला परिक्रमाको महत्वबारे सबै ग्रन्थमा समान धारणा रहेको देखिन्छ। धार्मिक, सांस्कृतिक महत्वले परिक्रमा गरिए पनि त्यसको वैज्ञानिक महत्व पनि रहेको बताइन्छ। नांगो खुट्टा हिड्ने, एकछाक मात्र चोखो खाने र खुल्ला चौरमा सुत्नाले स्वास्थ्यका लागि अनेक प्रकारले फाइदा दायक मानिन्छ।

परिक्रमा १५ दिने रहे पनि अब २४ घण्टा र पाँच दिनमा पनि गर्न थालिएको छ। तर उनीहरु पनि जनकपुरधाममा १५ दिने परिक्रमावासीहरुसँगै प्रवेश गर्छन्। मोटरसाइकलले परिक्रमा गर्ने युवा, राजनीतिकर्मीहरुको सहभागिता पनि बढन थालेको छ। मोटरसाइकलबाट परिक्रमा गर्नेमा जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोज साह पनि रहेका थिए।

मिथिलाको मान्यता अनुसार अन्तगृह परिक्रमाको भोलिपल्ट होली मनाइनेछ। अन्तगृह परिक्रमा गरी श्रद्धालुहरु घर फर्केपछि होली खेल्ने मिथिलामा चलन रहीआएको छ। सोमवार अन्तगृह परिक्रमा भएपछि मंगलवार नै होली हुने जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले बताए।'पर्व, त्यौहार खानपिनको आधारमा नभै मान्यता र परम्पराको आधारमा चल्छ' उनले भने, मंगलवार नै मिथिलामा होली सम्पन्न हुनेछ।

जनकपुरधाम उपमहानगरका मेयर साहले पनि मंगलवार होली मनाइने बताएका छन्।' संघीय सरकार र प्रदेश सरकारले पनि सोमवार र मंगलवारको विदा दिएको छ' उनले भने, खानपिनलाई प्राथमिकता दिएर परम्परागत सांस्कृतिक, धार्मिक मान्यतामा खलल पुऱ्याउन हुँदैन्।

परिक्रमाका सहभागीहरुलाई निःशुल्क भोजन गराउन बिभिन्न संघसंस्थाहरु सकृय रहेका छन्। परिक्रमा क्षेत्र भित्र बिभिन्न स्थानहरुमा बिभिन्न संघसंस्थाहरुले निशूल्क भोजनको प्रबन्ध गरेका छन्। परिक्रमाका सहभागीहरुलाई सहजताका लागि चिया, सर्वत, पानी, खाजाको पनि प्रबन्ध संघसंस्थाहरुले गरेका छन्।

सडक छेउमा माग्नेहरुको भीड परिक्रमा सडकभरि नै लागेको छ। उनीहरु नेपाल र भारतको बिभिन्न स्थानहरुबाट परिक्रमाको बेला यहाँ आउने गर्छन्।






# कांग्रेसको होली शुभकामना आदान-प्रदान

**टुडे समाचारदाता**

मलंगवा । नेपाली कांग्रेस सर्लाही प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. २ कार्यसमितिले कौडेनामा फागुपूर्णिमा( होली) पर्वको अवसरमा शुभकामना आदानप्रदान कार्यक्रम सम्पन्न गरेको छ ।

कौडेना गाउँपालिका-२ स्थित इनर्वामा कांग्रेस क्षेत्रीय कार्यसमितिले शुभकामना आदानप्रदान कार्यक्रम गरेको छ । क्षेत्रीय सभापति एवं प्रतिनिधि सभा निर्वाचन क्षेत्र नं. २ ख का प्रदेश सभा सदस्य कौशल किशोर रायको अध्यक्षता तथा कांग्रेस केन्द्रीय सदस्य मधु आचार्यको प्रमुख आतिथ्यतामा शुभकामना आदानप्रदान कार्यक्रम गरिएको पार्टीले जनाएको छ ।



कार्यक्रममा कांग्रेसका पूर्व केन्द्रीय सदस्य एवं प्रदेश सभा सदस्य जंगिलाल राय, पूर्व जिल्ला सभापति अशोक खनाल, लक्ष्मण राय, संविधान सभा सदस्य रामचन्द्र चौधरी, जिल्ला सचिब मनोज यादव, महासमिति सदस्य योगराज देवकोटा, क्षेत्र नम्बर १ का क्षेत्रीय सभापति हरिबहादुर लुंगेली, कविलासी नगरपालिकाका मेयर ब्रम्हदेव राय, ब्रह्मपुरी गाउँपालिकाका अध्यक्ष रामपदारथ साह, कौडेना गाउँपालिकाका अध्यक्ष रुपेश कुमार, विष्णु गाउँपालिकाका अध्यक्ष जवाहारलाल यादवलगायतको आतिथ्यता रहेको थियो ।

कौडेना गापा अध्यक्ष रुपेश कुमारको निवासस्थलमा आयोजित कार्यक्रममा कांग्रेसका जिल्लाभरका नेता कार्यकर्ताहरु उपस्थित थिए । कार्यक्रमका प्रमुख अतिथि कांग्रेस केन्द्रीय सदस्य आचार्य सहितका वक्ताहरुले होलीपर्वलाई सभ्य र भव्य रुपमा मनाउन आग्रह गरे ।

दस्य आचार्य सहितका वक्ताहरुले होलीपर्वलाई सभ्य र भव्य रुपमा मनाउन आग्रह गरे ।

# उपचारका लागि जुटेको २ लाख ३६ हजार हस्तान्तरण



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवन नगरपालिका-५, घुर्कौली निवासी रतनिका योन्जनको उपचारका लागि २ लाख भन्दा बढी आर्थिक सहयोग जुटेको छ ।

रतनिका बचाउ अभियानमा संकलन भएको रकम हरिवन ३ का युवा समाजसेवी सन्जीव कुमार मोक्तानको नेतृत्वमा आफन्तलाई बुझाइएको छ । मोक्तानको नेतृत्वमा विभिन्न देश तथा ठाउँमा रहेका सहयोगी दाताहरुबाट प्राप्त २ लाख ३१ हजार ६ सय ८४ र मोक्तानको व्यक्तिगत ५ हजार गरी जम्मा २ लाख ३६ हजार ६ सय ८४ रुपैयाँ सहयोग रकम बिरामीको घरमै पुगेर बुझाइएको छ ।

हरिवन ५ का वडा अध्यक्ष नागेन्द्र कुमार साह, अभियानका संयोजक अमर लाल तामाङ, एकीकृत समाजवादी पार्टीका जिल्ला अध्यक्ष सुरेन्द्र लामा, नेपाली कांग्रेसकी नेतृ सोनी कुमारी बोम्जन, युवा नेता सुनिल डुम्जन, जिल्ला घेदुङका उपाध्यक्ष शशी बल, हरिवन नगर घेदुङ अध्यक्ष राजु लो तामाङ, बागमती नगर घेदुङ सदस्य प्रदिप ब्लोन लगायतको उपस्थितिमा बिरामीको ठुलोबुवा हिरा डुम्जनलाई रकम हस्तान्तरण गरिएको छ ।

१८ वर्षीया रतनिकालाई गम्भीर रोग लागेका कारण उपचारका लागि वीर अस्पताल काठमाण्डुमा भर्ना गरिएको थियो । परिवारको आर्थिक अवस्था कमजोर भएकै कारण उनको राम्रोसँग उपचार हुन सकिएको थिएन ।

गाउँबाट चलाएको अभियानले हालसम्म १८ लाख बराबर सहयोग जुटिसकेको अभियानका संयोजक मोक्तानले बताए ।

हाल भारतस्थित दिल्लीको एक हस्पिटलमा रतनिकाको उपचार भइरहेको र स्वास्थ्यमा सुधार आएको पारिवारिक स्रोतले जनाएको छ ।

# मीठास पुरानै होली गीतमा



**काठमाण्डु** । होली रङको मात्रै पर्व होइन, यो सङ्गीतको पनि पर्व हो । होलीमा रङ जस्तै गीत सङ्गीतको स्थान पनि महत्वपूर्ण छ । त्यसो त हाम्रा हरेक पर्वमा गीत सङ्गीतको विशेष स्थान छ । तीज, दसैँ, तिहारलगायतका पर्वमा जस्तै होलीमा पनि सङ्गीतको महत्व अझ बढाएको छ ।

चलचित्र ‘वसन्ती’मा समावेश ‘रातो रातो पहैंलो...’, होस वा चलचित्र ‘सीता’ मा समावेश ‘ होली रे होली रे’ पनि अहिले पनि उत्तिकै लोकप्रिय छन् । होली पर्वलाई लक्षित गर्दै नयाँ गीत नबनेका होइनन् तर पुरानै गीतमा होलीको सन्दर्भमा पुरानै गीत नै मन पराइन्छ । पुराना केही गीत जनजिब्रोमै छन्”, गायक गिरीले भने । यद्यपि पछिल्लोको होलीमा आधुनिक र हिन्दी गीत बढी गुञ्जिने हुँदा यसको मौलिकता हराउन सक्नेतर्फ धेरैले चिन्ता व्यक्त गरेका छन् ।

> फागुन शुक्ल पूर्णिमाका दिन मनाइने फागु अर्थात् होली पर्व आइतबार हिमाली एवम् पहाडी जिल्लामा हर्षोल्लासका साथ मनाइँएको छ । वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिई आउने फागु पर्व आइतबार परम्परागत रूपमा विभिन्न रङ र लोला खेली मनाउने गरिन्छ ।

विशेष महत्व छ । सङ्गीत विना हाम्रा पर्व अधुरा छन् ।

‘होलीले रङ्ग्यायो मेरो चोली...’ चलचित्र अधिकारको यो गीत हरेक जसो होलीमा नछुट्ने गीतमा पर्छ । होली सुरु भएसँगै रेडियो, टेलिभिजन र युट्युवमा यो गीत बज्न सुरु भइहाल्छ ।राजेश हमाल, मिथिला शर्मा, कृष्टी मैनाली, प्रकाश थापा, राजाराम पौडेल, बसुन्धरा भुसाल र नीर शाहलगायतका कलाकारको नृत्य रहेको यो गीत मौलिकताकै कारण आजसम्म लोकप्रिय भएको धेरैको बुझाइ छ ।

“इन्द्रेणी रङ लिइ आयो होली, फागुन महिनामा खेलौ होली... सरसरसर होली हो...’ शम्भुजित बाँस्कोटाको सङ्गीत रहेको यस गीतमा उदितनारायण झा र दीपा नारायण झाले स्वर दिनुभएको छ । गीतले होलीको आकर्षण रहिरहनुलाई सङ्गीतकार अर्जुन पोखरेलले स्वाभाविक रुपमा लिएका छन् ।

उनलेपुरानागीतमाचाडपर्वको प्रसङ्ग र सोही वातावरणमा गीतसङ्गीतको दृश्याङ्कन गरिएकाले ती गीत कालजयी भएको उनको बुझाइ छ । “पुराना चलचित्रमा अधिकांश गीतहरू प्रसङ्गसहित आएका थिएँ । त्यहि भएर दर्शकको रोजाइमा पर्न सफल भए । चलचित्रमा भएका गीतसङ्गीतले तुलनात्मकरुपमा बढी प्रचार पाउछन्, सोही कारण पनि अहिले उक्त गीतहरू हामीले सुन्छौं र उत्तिकै मन पर्छ”, सङ्गीतकार पोखरेलले भने ।

सङ्गीतकार पोखरेल झैं गायक कर्णराज गिरी पनि पुरानै गीतमा नाचगान गर्दै होली मनाउनु हुन्छ । नयाँ गीत आइरहेता पनि उहाँलाई स्मरण छैन । “म कार्यक्रममा होस् या मेला, महोत्सवमा

फागुन शुक्ल पूर्णिमाका दिन मनाइने फागु अर्थात् होली पर्व आइतबार हिमाली एवम् पहाडी जिल्लामा हर्षोल्लासका साथ मनाइँएको छ । वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश लिई आउने फागु पर्व आइतबार परम्परागत रूपमा विभिन्न रङ र लोला खेली मनाउने गरिन्छ । सत्यको विजय र असत्यको नाश भएको उत्सवका रुपमा होली पर्व मनाइने गरिएको आम विश्वास छ ।

यो पर्वमा गीत-सङ्गीतको आफ्नै महत्व छ । ख्याली, टप्पा, जोगिरा र वसन्त राग गाउँदै अबिर लगाएर शुभकामना आदानप्रदान गरिने भएता पनि नेपाली चलचित्रका केही कालजयी गीत छन्, जसले होली आएको आभाष दिलाउने गरेका छन् । ती गीतहरू गाउँ होस् या सहर उत्तिकै गुञ्जिने गरेकाछन् ।रासस

# द्वन्द्व पीडित बालबालिकाले होली मनाए

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीका प्रमुख जिल्ला अधिकारी (सीडीओ) कोमलप्रसाद धमलासहितका सुरक्षा अधिकारीहरु र जिल्लाका पत्रकारलगायतले आइतबार घुर्कौलीस्थित द्वन्द्व पीडित बालगृहमा फागु पूर्णिमा अर्थात् होली पर्व मनाएका छन् । उनीहरुले बालगृहमा आश्रय दिएर राखिएका अभिभावकविहीन बालबालिकासँगै रङ्ग दलेर खुसी साटासाट गरी फागु खेलेका छन् । बाल गृह संचालन गरिरहेको चेतना सन्देश नेपाल हरिवन ५ घुर्कौलीको आयोजना तथा नेपाल पत्रकार महासंघ सर्लाही शाखाको संयोजनामा होलीको शुभकामना आदानप्रदानसहित कार्यक्रम गरिएको छ ।

कार्यक्रममा प्रमुख जिल्ला अधिकारी धमला, भैरवीदल गण पाँचकुमारी ब्यारेकका गणपति सूर्यबहादुर कार्की, सशस्त्र प्रहरी उपरीक्षक विनोदराज खनाल, समाजसेवी नरेन्द्र साह, बाल गृहका अध्यक्ष सुरेन्द्र लामा, नेपाल पत्रकार महासंघ सर्लाहीका अध्यक्ष टंकबहादुर क्षेत्रीलगायतको उपस्थिति रहेको थियो ।

जिल्लाका पत्रकारले वर्षेनि द्वन्द्व पीडित बालगृहमा पुगेर त्यहाँ आश्रय दिएर राखिएका बालबालिकासँगै रंग, अविर लगाएर खुसी साटासाट गर्दै होली मनाउने गरेका छन् ।

# विदेशी पर्यटकले पनि मनाए होली




**टुडे समाचारदाता**

काठमाण्डु । सङ्घीय राजधानी काठमाडौंको प्रमुख पर्यटकीय गन्तव्य ठमेललगायत विश्वसम्पदा क्षेत्रमा विदेशी पर्यटकले पनि हर्षोल्लासका साथ होली पर्व मनाएका छन् ।

वसन्तऋतुको आगमनसँगै नेपाल घुम्न आएका विदेशी पर्यटकले फागुपूर्णिमाका अवसरमा यहाँ मनाइँदै आएको होली पर्वलाई हर्षोल्लासका साथ मनाएका हुन् । पछिल्लो समय नेपालमा मनाइने होली पर्व विदेशीलेसमेत मनाउने गराउने गरेका छन् ।विदेशी पर्यटकले आइतबार बिहानैदेखि एक अर्कासँग रङ साटासाट, नाचगानसँगै रमाइलो गरी होली मनाइरहेका छन् ।

राजधानीको प्रमुख पर्यटकीय गन्तव्य ठमेल, वसन्तपुर, दरबारमार्ग, पाटन, बौद्धलगायत क्षेत्रमा होली मनाइरहेका छन् ।

ठमेल पर्यटन विकास परिषद्ले होली विशेष कार्यक्रमको आयोजना गरेको छ । काठमाडौं महानगरपालिका-२६ सञ्चयकोष अगाडि सडकमा साङ्गीतिक मनोरञ्जनात्मक कार्यक्रमसहित होली पर्व मनाइएको परिषद्ले जनाएको छ ।परिषद्का अध्यक्ष भविश्वर शर्माले यस्ता सांस्कृतिक पर्वमा विदेशी पर्यटकलाई सहभागी गराएर मनाउँदा नेपालको पर्यटन प्रवर्द्धन हुनुका साथै हाम्रा धार्मिक तथा सांस्कृतिक विशेषता विश्व समुदायसम्म पुऱ्याउन मद्दत पुग्ने बताए ।

“हरेक सांस्कृतिक कार्यक्रमलाई पर्यटनसँग जोड्नसके नेपालको पर्यटन क्षेत्रले ठूलो फड्को मार्न सक्छ । हाम्रा सांस्कृतिक कार्यक्रमलाई सरकारले ‘ क्यालेण्डर’ बनाएर विश्वभर पर्यटन प्रवर्द्धन गर्नुपर्छ । यति गर्नसकेमा मुलुकमा १२ महिना पर्यटकको सिजन हुनेछ”, उनले भने ।

नेपाल भ्रमणमा आउने पर्यटकमध्ये ८० प्रतिशत ठमेल क्षेत्रमा आउने गरेका परिषद्का उपाध्यक्ष सहदेव धमलाले जानकारी दिए । परिषद्ले अङ्ग्रेजी नयाँ वर्ष, नेपाली नयाँ वर्ष, सगरमाथा दिवस, विश्व पर्यटन दिवस, होलीलगायत पर्व तथा दिवसमा विभिन्न सांस्कृतिक कार्यक्रम आयोजना गरी विदेशी पर्यटकलाई मनोरञ्जन दिँदै आएको उनले बताए । ठमेल पर्यटन विकास परिषद् अन्तर्गत हाल ठमेलभित्र १० हजारभन्दा बढी व्यवसायी र दुई हजारको हाराहारीमा घरधनी रहेका छन् ।

# परिक्रमा यात्रीलाई निःशुल्क भोजन

**टुडे समाचारदाता**

जनकपुरधाम । मिथिला माध्यमिकी परिक्रमावासीको स्वागत तथा सत्कारमा विभिन्न संघसंस्थाले भोजनको व्यवस्था गरेको छ ।

म ध्य म ा परिक्रमा गर्दै परिक्रमावासीहरु पुनः जनकपुरधाम आइपुगेको उनीहरुको स्वागत तथा सत्कारमा गोपाल युवा सेवा समिति नेपालले निःशुल्क भोजनको व्यवस्था गरेको छ ।

जनकपुरधामस्थित बाह्रविघा मैदानमा परिक्रमावासीहरुका लागि निःशुल्क भोजनको व्यवस्था गरिएको छ ।

१५ दिने पैदल यात्रा गर्दै मध्यमा परिक्रमावासी जनकपुरधाम आएपछि उनीहरु आइतबार मध्यरातदेखि नै जनकपुरधामको अन्तगृहको परिक्रमा गर्नेछन् ।

सोमबारसम्म चल्ने अन्तगृह परिक्रमाको अर्को दिन मंगलबार यहाँ होली खेल्ने परम्परा रहि आएको छ ।

# क्षयरोग उपचारको दायरामा आउने न्यून

**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय क्षयरोग केन्द्रकाअनुसार आर्थिक वर्ष २०७९/८० मा नेपालमा ७० हजार क्षयरोगका नयाँ बिरामी थपिएका छन् ।

नयाँ थप बिरामीमध्ये करिब आधा मात्र उपचारका दायरामा आएकाकेन्द्रले जनाएको छ । तथ्याङ्क हेर्ने हो भने नयाँ बिरामीमध्ये ३७ हजार चार सय ४७ जना मात्र उपचारमा दायरामा आएका देखिन्छन् । साथै क्षयरोगका कारण बर्सेनी १८ हजारको मृत्यु हुने गरेको तथ्याङ्कले देखाउँछ ।

क्षयरोग ‘माइको ब्याक्टेरियम ट्युबरक्लोसिस’ नामक जीवाणुको सङ्क्रमणका कारण हुने सङ्क्रमणजन्य सरुवा रोग हो । क्षयरोग भएका बिरामीले खोक्दा, हाच्छ्युँ गर्दा कीटाणु निरोगी मानिसको सम्पर्कमा आएमा रोग सर्ने जोखिम हुन्छ । केन्द्रका निर्देशक डा प्रज्ज्वल श्रेष्ठले भने, “क्षयरोगको जोखिममा १५ देखि ४४ वर्ष उमेर समूहका मानिस छन् । पछिल्लो वर्षमा ६५ वर्षभन्दामाथिका वृद्धवृद्धामा पनि क्षयरोग देखिने गरेको पाइएको छ ।”

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : सुख समृद्धि हुने । |
| मिथून | : भ्रमण अवसर हुने । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : वाद विवादबाट बच्नु । |
| कन्या | : पुरस्कार प्राप्त लाभ । |
| तुला | : नयाँ कार्य हुने । |
| बृश्चिक | : बौद्धिक क्षमता । |
| धनु | : प्रतिभा सम्पन्नता । |
| मकर | : शिक्षामा उन्नति । |
| कुम्भ | : पारिवाहिक सुख । |
| मीन | : धन वृद्धि सञ्चय । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



फागुपूर्णिमाको दिन आइतबार काठमाडौँको हनुमानढोका दरबार क्षेत्र, वसन्तपुरमा रङ्गले रङ्गिएका सर्वसाधारणको घुइँचो । तस्बिरः रासस

# प्रदेशलाई ६० र स्थानीय तहलाई ८८ अर्ब समानीकरण अनुदान उपलब्ध गराउन सिफारिस

काठमाण्डु । राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष २०८१/८२ का लागि केन्द्र सरकारबाट प्रदेश र स्थानीय सरकारलाई हस्तान्तरण गरिने वित्तीय समानीकरण अनुदानको रकम निर्धारण गरी सरकारलाई सिफारिस गरेको छ ।

आगामी आवका लागि प्रदेशलाई रु ६० अर्ब र स्थानीय तहलाई रु ८८ अर्ब बराबर वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन सिफारिस गरिएको आयोगले जनाएको छ ।सङ्घीय सञ्चित कोषबाट सरकारले प्रदेश र स्थानीय तहलाई उनीहरुको खर्चको आवश्यकता र राजस्व क्षमताका आधारमा वित्तीय समानीकरण अनुदान वितरण गर्नुपर्ने संवैधानिक व्यवस्था छ । यस्तो अनुदान तय गरी सिफारिस गर्ने जिम्मेवारी राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको हो ।



यो अनुदान सिफारिस गर्दा न्यूनतम अनुदान, सूत्रमा आधारित अनुदान र कार्यसम्पादनमा आधारित अनुदान गरेर तीनवटा शीर्षकमा विभाजन गरिएको आयोगले जनाएको छ ।आगामी आर्थिक वर्षका लागि प्रदेशहरुले पाउने गरी सिफारिस गरिएको वित्तीय समानीकरण अनुदानको कुल रु ६० अर्बमध्ये न्यूनतम समानीकरण अनुदानका रुपमा रु १५ अर्ब, सूत्रमा आधारित समानीकरण अनुदानका रुपमा रु ४२ अर्ब ६० करोड र कार्यसम्पादनका आधारमा रु दुई अर्ब ४० करोड बराबर रहेको आयोगले जनाएको छ ।

आगामी आर्थिक वर्षका लागि वित्तीय समानीकरण अनुदानतर्फ कोशी प्रदेशलाई रु आठ अर्ब ९४ करोड ३२ लाख, मधेस प्रदेशलाई रु सात अर्ब ७९ करोड ९२ लाख, बागमती प्रदेशलाई रु आठ अर्ब २४ करोड ३४ लाख र गण्डकी प्रदेशलाई रु सात अर्ब ६३ करोड ८८ लाख बराबर उपलब्ध गराउन सिफारिस गरिएको छ । त्यसैगरी, लुम्बिनी प्रदेशलाई रु आठ अर्ब २८ करोड ६४ लाख, कर्णाली प्रदेशलाई रु १० अर्ब ३६ करोड ६३ लाख र सुदूरपश्चिम प्रदेशलाई रु आठ अर्ब ७२ करोड २७ लाख बराबर वित्तीय समानीकरण अनुदान उपलब्ध गराउन आयोगले सिफारिस गरेको छ ।

त्यसैगरी, स्थानीय तहलाई आगामी आर्थिक वर्षका लागि वित्तीय समानीकरण अनुदानतर्फ रु ८८ अर्ब उपलब्ध गराउन सिफारिस गरिएको छ । न्यूनतम समानीकरण अनुदानका रुपमा रु २६ अर्ब ६८ करोड ५० लाख, सूत्रमा आधारित समानीकरण अनुदानका रुपमा रु ५७ अर्ब ७९ करोड ५० लाख र कार्यसम्पादन कार्यसम्पादनका आधारमा रु तीन अर्ब ५२ करोड बराबर उपलब्ध गराउन सिफारिस गरिएको आयोगले जनाएको छ ।“प्रदेश तथा स्थानीय सरकारहरुले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदान कुल वित्तीय समानीकरण अनुदानको क्रमशः २५ प्रतिशत र ३० दशमलव ३२ प्रतिशत हुने गरी हिस्सा निर्धारण गरिएको छ । यसरी न्यूनतम वित्तीय समानीकरण अनुदान सिफारिस गर्दा प्रदेशका हकमा जनसङ्ख्या र क्षेत्रफललाई ५०/५० प्रतिशत भार दिई प्रत्येक प्रदेशले प्राप्त गर्ने न्यूनतम अनुदानको हिस्सा निर्धारण गरिएको छ”, आयोगको सिफारिसमा भनिएको छ ।

त्यसैगरी, स्थानीय तहका हकमा न्यूनतम अनुदान सिफारिस गर्दा जनसंख्यालाई मुख्य आधार बनाइएको छ । “न्यूनतम अनुदान सिफारिस गर्दा १० हजारभन्दा कम जनसंख्या भएका स्थानीय सरकारलाई रु दुई करोड ७५ लाख र १० हजारभन्दा बढी तर दुईलाख भन्दा कम जनसंख्या भएका स्थानीय सरकारलाई प्रतिदश हजार जनसंख्या वृद्धिमा रु २५ लाख अनुदान रकम वृद्धि गरिएको छ”, आयोगले भनेको छ, “दुई लाखभन्दाबढी जनसंख्या भएका स्थानीय सरकारलाई एकमुष्ठ रु सात करोड ७५ लाख न्यूनतम समानीकरण अनुदान निर्धारण गरिएको छ ।”

आयोगका अनुसार प्रदेश तथा स्थानीय तहहरुले प्राप्त गर्ने न्यूनतम वित्तीय समानीकरण अनुदान कमशः रु १५ अर्ब र रु २६ अर्ब ६८ करोड ५० लाख समेत गरी कुल रु ४१ अर्ब ६८ करोड ५० लाख निर्धारण गरिएको छ । कुल वित्तीय समानीकरण अनुदानमा न्यूनतम वित्तीय समानीकरण अनुदानको हिस्सा २८ दशमलव १७ प्रतिशत छ ।सूत्रमा आधारित वित्तीय समानीकरण अनुदान निर्धारण गर्दा सम्बन्धित प्रदेश तथा स्थानीय तहको मानव विकास सूचकाङ्क, आर्थिक-सामाजिक असमानता, पूर्वाधारको अवस्था, राजस्वको अवस्था र खर्चको आवश्यकता तथा राजस्व उठाउन सक्ने क्षमता गरी पाँच वटा शीर्षकमा मूल्याङ्कन गरिएको आयोगले जनाएको छ ।

सूत्रमा आधारित वित्तीय समानीकरण अनुदानको रकम प्रदेशलाई रु ४२ अर्ब ६० करोड र स्थानीय तहलाई रु ५७ अर्ब ७९ करोड ५० लाख गरी कुल रु एक खर्ब २९ करोड ५० लाख निर्धारण गरिएको छ । कुल समानीकरण अनुदानमा सूत्रमा आधारित समानीकरण अनुदानको हिस्सा ६७ दशमलव ८३ प्रतिशत रहेको छ ।प्रदेश तथा स्थानीय तहले प्राप्त गर्ने कुल वित्तीय समानीकरण अनुदानको चार प्रतिशतले हुन आउने रकम अर्थात् रु पाँच अर्ब ९२ करोडलाई कार्यसम्पादनमा आधारित वित्तीय समानीकरण अनुदानका रुपमा सिफारिस गरिएको छ । जसमध्ये रु दुई अर्ब ४० करोड प्रदेशलाई र रु तीन अर्ब ५२ करोड स्थानीय तहका लागि सिफारिस गरिएको छ ।

### कार्यसम्पादनमा कोशी अब्बल, लुम्बिनी कमजोर

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा नेपाल सरकारबाट आगामी आर्थिक वर्ष २०८१/८२ मा उपलब्ध गराइने वित्तीय समानीकरण अनुदानका लागि प्रदेश र स्थानीय तहहरुको कार्यसम्पादन पनि विश्लेषण गरिएको छ ।

कार्यसम्पादनमा कोशी प्रदेशले सबैभन्दा धेरै ४० दशमलव ८९ अङ्क प्राप्त गरेको छ । मधेश प्रदेशले ३७ दशमलव ३१, बागमतीले ३७ दशमलव २९, गण्डकी प्रदेशले ३३ दशमलव ०७, कर्णाली प्रदेशले ३० दशमलव ९८ र सुदूरपश्चिम प्रदेशले ३१ दशमलव ०८ अङ्क प्राप्त गरेको छ । कार्यसम्पादनमा सबैभन्दा कमजोर लुम्बिनी प्रदेश देखिएको छ । लुम्बिनीले २६ दशमलव ९९ अङ्क पाएको छ ।

आयोगले विभिन्न ११ वटा सूचकका आधारमा प्रदेशहरुको कार्यसम्पादन मूल्याङ्कन गरेको हो । जसमध्ये, दुईवटा सूचकमा सबै प्रदेशको अङ्क शून्य देखिएको छ ।सूचक दुई अर्थात् ‘प्रदेशले स्थानीय तहलाई प्रदेश कानून बमोजिम आयोगले तोकको आधार लागू गरी सशर्त अनुदान प्रदान गरेको/नगरेको’मा सबै प्रदेशले शून्य अङ्क पाएका छन् । यो सूचकको अङ्कभार १० छ । त्यस्तै, पाँच अङ्कभार रहेको सूचक तीन अर्थात् ‘गत आर्थिक वर्ष २०७९/८० मा सवारी साधन करवापत बाँडफाँट गरिएको ४० प्रतिशत रकम प्रदेश सरकारले मासिक रुपमा सम्बन्धित स्थानीय तहलाई चैत मसान्तभित्र उपलब्ध गराएको/नगराएको’ मा पनि सबै प्रदेशले शून्य अङ्क पाएका छन् ।

अङ्कभार १५ रहेको सूचक एक अर्थात् ‘अघिल्लो आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षणबाट औँल्याएको बेरुजु फछ्र्यौटको अवस्था’ मा कोशी, लुम्बिनी, कर्णाली र सूदूरपश्चिम प्रदेशको शून्य अङ्क छ । यस सूचकमा मधेस प्रदेशले एक दशमलव ८१, बागमतीले पाँच दशमलव ९८ र गण्डकीले सात अङ्क पाएका छन् ।प्रदेश सरकारको गत आर्थिक वर्ष २०७९/८० को विनियोजित रकमअनुसार खर्चको अवस्थाले सूचक चारलाई जनाउँछ । १५ अङ्कभारको यस सूचकमा गण्डकी र सुदूरपश्चिम प्रदेशको शून्य अङ्क छ । कोशीले चार दशमलव ३३, बागमतीले शून्य दशमलव १६, लुम्बिनीले एक दशमलव ६३ र कर्णालीले शून्य दशमलव ०६ अङ्क पाएका छन् ।

गत आर्थिक वर्ष २०७९/८० मा प्रदेशले आफ्नो अधिकार क्षेत्रको राजस्व परिचालनलाई बुझाउने सूचक ५ को अङ्कभार २० छ । यसमा कोशी प्रदेशले एक दशमलव ५६, मधेस प्रदेशले १० दशमलव ५१, बागमती प्रदेशले एक दशमलव १५ र गण्डकीले एक दशमलव ०७ अङ्क पाएका छन् । त्यसैगरी, यस सूचकमा लुम्बिनी प्रदेशको शून्य दशमलव ३६, कर्णालीको पाँच दशमलव ९२ र सुदूरपश्चिमको प्राप्ताङ्क एक दशमलव ०८ छ ।

स्थानीय तहलाई उपलब्ध गराउनुपर्ने वित्तीय समानीकरण अनुदानको अनुमानित विवरण स्थानीय तहले चैत मसान्तभित्र उपलब्ध गराएको/नगराएको मापन सूचक छले गर्छ । पाँच अङ्कभारको यो सूचकमा सबै प्रदेशले पाँच अङ्क पाएका छन् ।सूचक सातले आगामी आर्थिक वर्षको आय-व्यय प्रक्षेपण गरिएको तथ्याङ्कसहितको विवरण २०८० पुस मसान्तभित्र सङ्घीय अर्थ मन्त्रालयमा पेश गरे/नगरेको जनाउँदछ । यो सूचक पाँच अङकभारको छ । मधेस र लुम्बिनीले यस सूचकमा शून्य अङ्क पाएका छन् भने अरु सबै प्रदेशले पूर्ण अङ्क पाएका छन् ।

गत आर्थिक वर्षको बजेट कार्यान्वयनको वार्षिक समीक्षा गरी त्यसको विवरण २०८० कात्तिक मसान्तभित्र सार्वजनिक गरे/नगरेको कुरालाई सूचक आठले जनाउँदछ । पाँच अङ्कभारको यस सूचकमा मधेस प्रदेशले शून्य अङ्क पाएको छ भने अरु सबै प्रदेशले पूर्ण अङ्क पाएका छन् । गत आर्थिक वर्षको प्रदेश तहको वायुको गुणस्तर सूचकाङ्क मापन गर्ने सूचक नौको अङ्कभार पाँच छ । यस सूचकमा गण्डकी र कर्णाली प्रदेशले शून्य अङ्क पाएका छन् भने अरु सबै प्रदेशले पूर्ण अङ्क पाएका छन् ।सूचक १० मा कोशी र मधेस प्रदेशले पूर्ण अर्थात् पाँच अङ्क पाएका छन् । बाँकी प्रदेशले शून्य अङ्क पाएका छन् । सूचक १० ले व्यवस्थित वनले ढाकेको क्षेत्रफलमा भएको वृद्धिलाई जनाउँछ ।अङ्कभार १० रहेको सूचक ११ मा सबै प्रदेशले पूर्ण अङ्क पाएका छन् । यो सूचकले आयोगले कार्यसम्पादन सूचकका सम्बन्धमा तयार गरी प्रयोगमा ल्याएको विद्युतीय अनलाइन पोर्टलमा कार्यसम्पादन सूचकसम्बन्धी विवरण तोकिएको अवधिभित्र प्रविष्टि गरे/नगरेको कुरालाई जनाउँदछ ।रासस

# होलीमा उपत्यकामा ड्रोनबाट निगरानी

टुडे समाचारदाता



काठमाण्डु । नेपाल प्रहरीले फागुपूर्णिमा अर्थात् होली पर्वलाई मर्यादित, सुरक्षित र शान्तिपूर्ण बनाउन मङ्गलबारसम्मका लागि विशेष सुरक्षा योजना निर्माण गरी लागू गरेको छ । यसका सुरक्षा योजनाअन्तर्गत झण्डै ३० हजार प्रहरी परिचालन गरिएको छ भने काठमाडौँ उपत्यकाको निगरानी ड्रोनबाट गर्ने व्यवस्था मिलाइएको छ ।

केन्द्रीय प्रहरी प्रवक्ता भीमप्रसाद ढकालले आइतबारदेखि तीन दिनका देशभर २९ हजार सात सय ३३ प्रहरी जनशक्ति परिचालन गरिएको जानकारी दिए । उनले भने, “सादा पोसाक, मोबाइल गस्ती, सवारी, पैदल गस्तीसहित देशभर सो संख्यामा प्रहरी परिचालन भएका छन्, विशेष गरी नेपाल-भारतको सीमा क्षेत्रको सुरक्षामा विशेष कडाइ गरिएको छ ।” होली पर्व सौहार्दपूर्ण रहोस् भन्ने उद्देश्यसहित विशेष सुरक्षा योजना कार्यान्वयनमा ल्याइएको उनको भनाइ छ ।

यसैगरी प्रहरीले ट्रेकिङ, मापसे, लापसे तथा थप पिकेट ड्यूटीका लागि पनि छुट्टै प्रहरी टोली परिचालन गरेको जनाएको छ । प्रहरीले ढुक्कसँग मर्यादित भएर होली मनाउन पनि सबैमा आग्रह गरेको छ ।

होलीमा अनुमति विपरीत कसैलाई पनि रङ दल्न, लोला हान्न, अनावश्यक हो-हल्ला गर्न, भै-झगडा गर्नेलगायतका उच्छृंखल गतिविधि नियन्त्रणमा ल्याउँदै तत्काल कारबाही गरिने प्रवक्ता ढकालले बताए । उनले भने, “काठमाडौँ, ललितपुर र भक्तपुरमा होली सुरक्षित र मर्यादित बनाउन जिल्लाका ठाउँ-ठाउँमा नेपाल प्रहरी र ट्राफिक प्रहरी खटाइएको छ, उच्छृंखल गतिविधि गर्नेलाई कारवाही हुन्छ ।” होली पर्व मनाउने क्रममा हुने दुर्घटना कम गर्नका लागि उपत्यका प्रवेश गर्ने सबै नाका र अन्य ९० ठाउँमा बिहान ७ बजेदेखिनै जाँचको व्यवस्था मिलाइएको प्रहरी प्रधान कार्यालय नक्सालले जनाएको छ । जाँचमा एक हजार जना ट्राफिक प्रहरी खटिएका छन् भने ३० वटा मोबाइल भ्यान परिचालन भएका छन् ।

यसैगरी जिल्ला प्रहरी परिसर काठमाडौँले फागुपर्व (होली) लाई सुरक्षित, मर्यादित बनाउन उपत्यकाको सुरक्षाव्यवस्थामा कडाइ गरेको छ । होली पर्वलाई सुरक्षित, मर्यादित बनाउन काठमाडौँमा तीन हजार सुरक्षाकर्मी खटिएका जिल्ला प्रहरी परिसर काठमाडौँका प्रवक्ता तथा प्रहरी उपरीक्षक नवराज अधिकारीले जानकारी दिए । उनले भने, “हामीले सभ्य, भव्य तरिकामा फागुपर्व मनाउन सबैमा आग्रह गरेका छौँ, कानुन बिपरीत अबाञ्छित तथा उच्छृंखल गतिविधि गर्नेलाई कानुनन बमोजिम कडाभन्दा कडा कारवाही गरिने छ ।”

यसवर्षको होली पर्वका लागि उपत्यकामा मात्रै दुई हजार पाँचसय पोशाकधारी तथा पाँच सय जना सादा पोशाकमा गरी तीन हजारको संख्यामा प्रहरी खटाइएको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ । होली पर्वमा काठमाडौँमा उच्छृंखल गतिविधि गर्ने, लापसे गरी सवारी चलाउने, मापसे गरी हो-हल्ला गर्ने, सर्व साधारणलाई त्रसिद बनाउनेलाई कडा कारवाही गरिने भन्दै प्रहरीले अहिले ठाउँ ठाउँमा माइकिङ समेत गरिरहेको छ ।

जिल्ला प्रहरी परिसरका प्रवक्ता अधिकारीका अनुसार आज दिउँसो १२ बजेसम्म उपत्यकामा होलीकै कारण अप्रिय तथा उच्छृंखल गतिविधिका घटना भएका छैनन् । उनले भने, “होलीकै कारण अप्रिय तथा उच्छृंखल गतिविधिका घटना भएको खबर आएका छैनन, घटना हुन नदिन प्रहरी निकै चनाखो छ ।”

मादक पदार्थ र लागुपदार्थ सेवन गरी सवारी चलाउने चालकलाई कडाईका साथ चेकजाँचको व्यवस्था गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक भुपेन्द्र खत्रीले बताए । उनले भने, “शान्त वातावरणमा होली मनाउन सबैमा आग्रह गरेका छौँ, होलीमा हुने सबैखाले गतिविधिहरु बिहानैदेखि ड्रोनबाट पनि निगरानी बढाइएको छ ।”

काठमाडौँउपत्यकासहितपहाडी र हिमाली क्षेत्रमा आज र तराईका क्षेत्रमा भोलि होली पर्व मनाइँदैछ । यसवर्ष काठमाडौँमा मर्यादितरुपमा होली मनाइरहेको देखिएको छ । युवायुवती स्वतःस्फूर्तरुपमा सडकमा आइ रङ खेलेर रमाइलो गरिरहेका देखिन्छन् । उनीहरु एकापसमा रङ र अबिर साटासाट गरी रमाइलो गरिरहेका छन् । तर विगतका वर्षमा जस्तो जबरजस्ती बटुवा वा अपरिचित व्यक्तिलाई रङ फाल्ने तथा लोला हान्ने गतिविधि गरेका छैनन् ।

होलीपर्वलाई मर्यादित बनाउन प्रहरीले पनि गस्तीहरु बढाउने, माइकिङ गरी आ-आफै पर्व मनाउन र कसैलाई जबरजस्ती नगर्न आग्रह गरिरहेको छ। त्यसैगरी चाडपर्वका अवसरमा मादक पदार्थ सेवन गरी सवारी चलाउने क्रम पनि बढ्नसक्ने देखिएकाले त्यसो नगर्न पनि प्रहरीले आग्रह गरिरहेको छ ।

# प्रदेशस्तरीय कला प्रदर्शनीको आयोजना हुने

टुडे समाचारदाता



काठमाण्डु । संघीय राजधानी काठमाण्डुमा प्रदेशस्तरीय कला प्रदर्शनी हुने भएको छ । नेपाल ललितकला प्रज्ञा प्रतिष्ठानको आयोजनामा काठमाडौँमा पहिलोपटक प्रदेशस्तरीय कला प्रदर्शनी सुरु गरेअनुसार बागमती प्रदेशस्तरीय कला प्रदर्शनी आयोजना गर्न लागिएको हो । प्रतिष्ठानले यसअघि छ वटै प्रदेशमा कलाप्रदर्शनी आयोजना गरिसकेको छ ।

काठमाडौँमा आगामी सोमबारदेखि सुरु हुने प्रदर्शनीमा दुई सय ३० कलाकारका दुई सय ५० भन्दाबढी कलाकृति समावेश हुने प्रतिष्ठानले जनाकारी दिएको छ । प्रतिष्ठानका सदस्य सचिव देवेन्द्रकुमार काफ्ले थुम्केलीका अनुसार कला प्रदर्शनीको सबै तयारी पूरा भएको छ ।

उनका अनुसार कलाकृति सजाउनेलगायत भोलिको औपचारिक कार्यक्रमबाहेक सबै तयारी सकिएको छ । प्रदर्शनी यही चैत १२ गतेदेखि १६ गतेसम्म सञ्चालन हुनेछ । ‘सामाजिक रूपान्तरण : ललितकलाको अभियान’ भन्ने मूल नाराका आयोजित ‘प्रादेशिक ललितकला प्रदर्शनी-२०८०’बाट छानिएका कलाकृतिलाई समेटेर आगामी जेठ १५ देखि ‘राष्ट्रिय ललितकला प्रदर्शनी-२०८१’ आयोजना गरिँदै छ ।

यसअघि काठमाडौँमा मात्रै राष्ट्रिय प्रदर्शनी हुँदै आएकामा यसपटकदेखि प्रादेशिक प्रदर्शनीको पनि थालनी भएकाले देशभरी नै कला प्रवर्द्धनमा महत्वपूर्ण उपलब्धि हासिल भएको प्रतिष्ठानका कुलपति नारदमणि हार्तम्छालीको भनाइ छ ।


सङ्घीयता कार्यान्वयन भएपछि प्रतिष्ठानले त्यसलाई पहिलो पटक अभ्यासमा ल्याएको हो । प्रतिष्ठानले कर्ण्णाली प्रदेशमा गत फागुन १७ गतेदेखि २१ गतेसम्म, गण्डकीमा गत फागुन १९ गतेदेखि २३ गतेसम्म, सुदूरपश्चिममा गत फागुन २० गतेदेखि २४ गतेसम्म, लुम्बिनीमा गत फागुन २२ गतेदेखि २६ गतेसम्म, कोशीमा गत फागुन २९ गतेदेखि यही चैत ३ गतेसम्म र मधेसमा यही चैत २ गतेदेखि ५ गतेसम्म प्रदर्शनी सम्पन्न भइसकेको छ ।

‘नेपाल ललितकला प्रज्ञा-प्रतिष्ठान ऐन-२०६४’ को दफा ५ को खण्ड (ट) को आधारमा स्वीकृत ‘राष्ट्रिय ललितकला प्रदर्शनी कार्यविधि-२०८०’ र ‘प्रादेशिक ललितकला प्रदर्शनी कार्यविधि-२०८०’ बमोजिम सातै प्रदेशमा कला प्रदर्शनी भएको र प्रादेशिक ललितकला प्रदर्शनीमा प्रतियोगी कलाकृतिहरु नै आगामी जेठ १५ गते काठमाडौँमा हुने राष्ट्रिय प्रदर्शनीमा सहभागी हुन पाउने नीतिगत व्यवस्था गरिएको छ ।

कुलपति हार्तम्छालीले यसपटकदेखि राष्ट्रिय ललितकला प्रदर्शनीका लागि प्रदेशबाटै प्रतिस्पर्धा गरी कलाका पूरक गतिविधिका साथै बहुआयामिक पाटालाई समेट्न खोजिएको बताए ।

यसपटक सम्मान र मूल्याङ्कनमा पनि विशेष सुविधा, विविध विधा/उपविधा र क्षेत्रगत पुरस्कार संख्या तथा रकम पनि विशेष थप गरिएको छ । त्यसमा छायाँमा परेका प्रतिभाहरूको समावेशिता सहभागिता हुने सिर्जनात्मक कला क्रियाकलाप पनि समावेश गरिने प्रतिष्ठानका सदस्य सचिव देवेन्द्रकुमार काफ्ले थुम्केलीले बताए ।

प्रदर्शनीमा चित्रकला (समसामयिक, परम्परागत, मुद्रणकला छायाचित्र (प्रिन्टमेकिङ) कला), मूर्तिकला, वास्तुकला तथा अन्य सिर्जनात्मक (बहुआयामिक) कला (वास्तुकला (शास्त्रीय), सिर्जनात्मक छविकला, भिडियो आर्ट, प्रतिस्थापन कला, भावभङ्गिमा कला, मौलिक दृष्टान्त चित्रकला, कार्टुन, क्यारिकेचर, पोस्टर र डिजिटल कला), लोककला, हस्तकला विधाअन्तर्गत तोकिएको नियममा रही कलाकारले सहभागिता जनाउन पाउनेछन् ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ। जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### प्रशंसनीय कार्य

मधेश प्रदेस सरकारले निःशुल्क रुपमा बिरामीलाई रगत उपलब्ध गराउने भएको छ। प्रदेशको आठवटै जिल्लामा सरकारले रगत संकलन केन्द्र (ब्लड बैंक) को स्थापना गरेको छ। त्यहाँ रगत संकलन र बितरणको कार्य गरिनेछ। आठवटै जिल्लामा रगतको आवश्यकता भएका बिरामीलाई सम्पूर्ण रुपमा निःशुल्क रगत उपलब्ध गराइनेछ। रगतको साटो बैकमा रगत जम्मा गर्न भने प्रेरित गरिनेछ। तर रोगीलाई रगत दिने आफन्त तयार नभए पनि रगत उपलब्ध गराइनेछ। यस अघि नेपालमा रगत लिने र दिने काम नेपाल रेडक्रस सोसाइटीले गर्दै आएको थियो। ब्लड बैंक पूर्ण रुपमा रेडक्रस सोइसाइटीले नै सञ्चालन गरिरहेको थियो। कहिले काही रगतको अभाव हुने र बिपन्नलेपनि रेडक्रसलाई सेवा वापत केही रकम बुझाउनु पर्ने प्रावधान राखिएको थियो। अझै पनि रेडक्रसबाट रगत लिनुपर्दा सेवा वापत केही रकम बुझाउनु पर्ने हुन्छ। रेडक्रस अन्तर्राष्ट्रिय स्तरको सेवा गर्ने सामाजिक संस्था हो। नेपालभरी नै रेडक्रसको सञ्जाल रहेको र त्यसबाट ब्लड संकलन र बितरणको कार्य भइरहेको थियो। अब मधेश प्रदेश सरकारले पनि ब्लड बैंकको सम्पूर्ण पूर्वाधार तयार गरिसकेको र २०८१ सालको पहिलो दिन वैशाख १ गतेबाट सेवा सञ्चालन गर्नेछ। स्वास्थ्य तथा जनसंख्या मन्त्री सत्रुधन सिंह कोइरीले शनिवार मन्त्री पदको सपथ लिएसँगै गरेको पहिलो निर्णय प्रदेशमा निःशुल्क रगत उपलब्ध गराइने नै हो। यसका लागि सम्पूर्ण तयारी भइसके पनि नयाँ वर्षबाट सेवा सुरु गर्ने सरकारले निर्णय गरेको छ। निःशुल्क रुपमा रगत उपलब्ध गराउँदा आम नागरिकलाई ठूलो राहत हुनेछ। सरकारी स्वामित्वको अस्पतालमा भारी संख्यामा सर्वसाधारण उपचारका लागि जाने गर्छन्। उनीहरुलाई अस्पतालको रसिद कटाउन लाग्ने शुल्क तिर्न पनि असहज हुन्छ। ब्लडको आवश्यकता भए त्यसमा पनि रेडक्रसलाई शुल्न तिर्नुपर्ने हुन्छ। तर अब त्यस प्रकारको कुनै शुल्क सरकारी ब्लड बैंकमा बुझाउनु पर्ने छैन्। निःशुल्क रुपमा उपलब्ध हुने रगतबाट सर्वसाधारण बिरामीलाई ठूलो सहयोग पुग्नेछ। सरकारको निर्णय प्रशंसनीय छ। सरकारले बिरामीहरुलाई औषधि र प्याथोलाजीमा गराउनुपर्ने जाँचहरु पनि निःशुल्क गर्नुपर्छ। प्रदेश सरकारसित बजेट पनि रहेको छ। मधेश प्रदेशमा शिक्षा, स्वास्थ्य, पूर्वाधार, पिउने पानी, सिंचाई लगायतमा सरकारले विशेष ध्यान दिनुपर्छ। प्रदेशवासीलाई सरकारले स्वच्छ पिउने पानी, आवश्यक स्वास्थ्य सेवा, गुणस्तरीय निःशुल्क शिक्षा उपलब्ध गराउनु सरकारको दायित्व हो।

# जनकपुरधामको "होलि" को आफ्नै बिशेषता

## जोगिरा सरर ऽऽऽऽ ....... "होली" है



प्रफुल्ल घिमिरे

होलि। सद्भाव, प्रेम, आत्मीय मिलनको पर्व। रंग अविरको पर्व। मध मस्त बसन्त ऋृतुमा मध मस्त रहेका प्रकृति सँगै रग-अविरको रंगाइमा मध-मस्त हुदै नव उमंग नव उर्जा प्राप्ति गर्ने उत्कृष्ट बेला। आफुसंग भएका सबै तितामिठा, रिस-रागहरुलाई बिर्सदैं उमंग, उत्साह र नया उर्जाका साथ अग्रजहरुलाई सम्मान गर्दै, इष्ट मित्र, बन्धु -बान्धव, लगायत सबै सँग उँचनिच, छुवाछूत, धनी गरिब कुनै प्रकारको भेदभाव नराखि तिक्ततहरुलाई बिर्सेर आत्मीय सम्बन्धलाई गाँसेर सद्भावपुर्ण एक अर्कालाई रंग अविर दलेर मिष्ट्रान्न भोजन गरेर मनाइने हर्षोउल्लासको पर्व हो होलि।

बोट, बिरुवाहरु पनि नयाँ पालुवा पलाएर मधमस्त भइ आनन्द बिभोर भएर सारा संसारलाई आफ्नो उन्म्मादमा मोहित पारिरहेको बसन्त ऋतुमा मनाइने उमंग उन्मादका पर्व होलिको आनन्द मिथिला क्षेत्र एंव जनकपुर धाममा सर्वोत्कृष्ट रहेको छ।

तर जनकपुर धामबासिले जानेर हो वा नजानेर यहाँको आफ्नै प्रकारको रहेका मौलिक परम्परागत मूल्य मान्यता, धर्म-संस्कृतिलाई एकपछि अर्को गर्दै धराशायी पार्दै गैरहेका छन। होलि मनाउने सन्दर्भमा समाजिक सञ्जालमा नानाथरीका टीका टिप्पणीहरु किन उठाइएका हुन बुझ्न सकिएन। जबकि नेपालमा होलि दुई दिन मनाउने परम्परा रहिआएको छ। पहाडे समुदायले फागुन पुर्णिमाको दिन तराई अर्थात मधेसी समुदायले चैत प्रतिबदाका दिन मनाउने चलन चली आएता पनी परम्परागत रूपमा जनकपुर धाममा फागु ( होलि) मनाउने दिनको निर्धारण गर्ने चलन आफ्नै प्रकारको रहिआएको छ।

सनातन धर्मावलम्बीको आस्था धर्म संस्कृतिसंग जुटेको मिथिला क्षेत्रमा हुने १५ दिने मध्यमा परिक्रमा फागुन औँशिका दिन धनुषा जिल्लाको मिथिला बिहारी नगर पालिकाको कचुरी गाउँमा अवस्थित मिथिला बिहारिको मन्दिरबाट श्रीरामसिताको युगल जोडीलाई डोलामा सजाएर ध्वजा-पताका, घण्टी घण्टा, बाजागाजा, झाँकी सहित लाखौं भक्तजनका साथ मिथिला बिहारी १५ दिने मध्यमा परिक्रमालाई निस्कन्छ। यसैदिन देखि परिक्रमा गर्नेहरु अबिर, माटोको धूलोबाट होलि खेल्न प्रारम्भ गर्छन्। यो मध्यमा परिक्रमा रत्न सागर, ....,जानकी मन्दिर हुदै हनुमान गढि पुगि बास बस्छ। फागुन परेवा दिन भारत बिहार राज्यको मधुबनी जिल्लामा अवस्थित कल्याणेश्वर, द्वितीयाका दिन उक्त जिल्लामा नै अवस्थित श्रीगिरिजा स्थानमा बास बस्छ। तृतियाका दिन मठिहानी (मृत्खनी)मा, चतुर्थिका दिन जलेश्वर, पंचमिका दिन मडइ, षश्ठिक दिन धुर्व कुण्डमा, फागुन सप्तमिका दिन कञ्चन बनमा विश्राम गर्न पुग्छ। परापुर्व कालमा कञ्चन बन बिशाल थियो। यस बिशाल बनमा १२ प्रकारका कदली बन, ताल बन, तयाल बन, अनार बन, केतकी बन, चम्पक बन, कुमुद बन, कदम बन, लवङ्ग बन, सरोज बन, सन्तान बन, भन्रा बन, शृङ्गार बनहरुमा अनेकौं प्रकारका बोट बिरुवाहरुका फल फुलहारुको सुवासले वातावरण सुवासमय, आनन्दित, रमणीय, शान्ति मय क्षेत्र थियो। हजारौं ऋृषिमूनिहरुको तपोभूमी रहेको यस बनमा बेला बखतमा ऋृषिहरुले सम्मेलन गर्ने गर्थे। उपनिषद्हरुका रचना यसै बन भित्र भएका थिए। भनिन्छ - खुशी भएर राजा सिरध्वज जनकले कञ्चन यहीँ लुटाएका थिए रे! भगवान श्रीरामले सखी संगिनिहरुसँग यहीँ होलि खेलेका थिए। रामकै ईच्छा अनुसार होलि मनाउन इच्छावती गंगा नदिको उत्पत्ति भएको हो। यहाँ इच्छावति गंगा र बिरजा गंगाको संगम पनि छ। यसको पानी अहिले पनि रातो देखिन्छ। भगवान रामले यहाँ होलि खेलेको मान्यता अनुसार नचारी,भजन किर्तन, गित गाएर रात रातभर होलि धूमधामका साथ परिक्रमा वासी तथा उक्त दिन अन्य भक्तजनहरु पनि यहाँ आएर होलि खेल्दछ्न। भन्ने हो भने बिधिवत यसै दिन देखि होलिको प्रारम्भ हो।

कञ्चन बनको विश्राममा होलिको बिधिवत प्रारम्भ पश्चात् मिथिला बिहारिको डोला लाखौं भक्तजनका साथ अष्टमिका दिन श्श्री क्षिरेश्वर नाथ हुदै पर्वतामा, नवामिका दिन धनुषा धाममा, दशमीका दिन सतोषर (सप्त ऋृषि आश्रम) मा, एकादशिका दिन हर्ष मुनिको आश्रम हौरसामा, द्ववादशिका दिन करुणामा, त्रयोदशिका दिन पूनः कल्याणेश्वर पुगि कल्याणेश्वर महादेवको दर्शन पश्चात् बिश्वामित्रको आश्रम बिसौलमा बास बस्छन्। फाल्गुन चतुर्थिका दिन जनकपुरधाममा बास बसि फागु पुर्णिमा दिन अन्तगृह परिक्रमा गरेर मध्यमा परिक्रमा समापन हुने गर्छ।

मिथिला परिक्रमा संसार कै सबै तिर्थहरु भन्दा माथी रहेको महिमा धार्मिक शास्त्रहरुले बताएका छन। मिथिला भूमि पुण्य दायिनी, महान, अद्भुत छ। देवताहरुले पनि परिक्रमा गर्न चाहना राख्दछ्न भन्ने धार्मिक मूल्य मान्यता अनुसार फल प्राप्ति, मोक्ष प्राप्ति, पाप नाशकरकालागी लाखौं धर्मावलम्बीहरु गरिरहेका परिक्रमाका क्रममा प्रत्येक पडावहरुमा अधिकांश जनकपुर धाम बासिहरु अथितिको स्वागत सत्कार, सेवा प्रदान गर्न जाने गर्दछ्न। फागु पुर्णिमाका दिन नै अन्यत्र होलि खेलिने गरिन्छ। तर मिथिला क्षेत्रको महा कुम्भ नै भनिने गरिएको १५ दिने मधयमा मिथिला परिक्रमाको समापन फागु पुर्णिमाका दिन नै अन्तगृह परिक्रमा गरेर हुने भएकोले उक्त दिन यहाँका मठ -मन्दिरहरुमा एवं वैष्णव समुदायहरुले होलि खेल्ने गर्छ्न। अधिकांशले त व्यबसायमा असर पर्ने तथा परिक्रमा गर्ने भक्तजनहरुलाई अप्ठ्यारो पर्ने भएकोले भोलिपल्ट मनाउने गरेका छन। यदि यस दिन आइतबार वा बिहिवार पर्न गयो भने अधिकांश माछा मासु खानेहरुले यसको भोलिपल्ट मनाउने चलन चली आएको छ।

हुनत मिथिला क्षेत्रमा बसन्त पञ्चमिका दिन देखि नै मठ -मन्दिर, चौक -चौराहा, दलानहरुमा डम्फा, ढोलक, कठताल, हरमुनियम, झाल आदि बाध्यवादनका साथ समुह समुहमा मानिसहरु भेला भएर भगवान कृष्ण, राम, महादेव आदिका होलिका लोकगितहरु, भजन किर्तनका साथ जोगिरा सररऽऽऽ भन्दै गाउदै होलि खेल्न प्रारम्भ गर्दै १५ दिन सम्म आनन्द विभोर भएर रमाउने गर्छन्। मिथिला क्षेत्रमा बसन्त पञ्चमीका दिन देखि प्रारम्भ भएको होलि पन्द्र दिन सम्म आनन्दित, सद्भाव पुर्ण रुपमा धूमधाम साथ मनाइने परम्परागत मौलिक मान्यताहरु रहेका छन।

जाडोको समापन गर्मीको आगमन! मौसमको अनुकुलता। कल्वर ध्वनिका साथ चराचुरुङ्गीहरु पनि हर्ष विभोर भएर नाँचिरहेको बेला। कुहु...कुहु कोइलीको स्वरले मनमुग्ध पारिरहेको वातावरण। सारा प्रकृति नै मद मस्त भएर झुम्मी रहेको बेलामा हर्षोल्लास, उत्साह, उमंगका साथ रंग अबिरबाट रंगने-रगाउने हास परिहास गर्दै मस्तिका साथ रमाउने आनन्ददायिक पर्व होलिले जिवनमा नव उमंग उत्साह उर्जाले भरिपुर्ण गरिदिन्छ।

रंगको पर्व संसार भरी नै आ-आफना रितिरिवाज परम्परा अनुसार मनाउने गरिन्छ। रंगलाई मानिसहरुले जीवन पद्धतिमा एउटा अभिन्न अंगको रुपमा लिएका छन। विश्वका मानिसहरुले पनि विभिन्न नाउबाट आ-आफ्नै किसिमले रंगका पर्व मनाउने गर्छन। भारत र नेपालमा पनि विभिन्न वर्ग समुदायले आ-आफ्नै धर्म-संस्कृति, परम्परा अनुसार रंग अबिरका पर्व होलि मनाउदै आइरहेका छन। विभिन्न समुदायले आ-आफ्नै किसिमबाट मनाउने होलिको आफ्नै विषेशताहरु रहेका छन। भारतको जयपुरमा होलिको अबसरमा तमासा देखाएर मनाइन्छ। बंगालमा ढोल उत्सवको रुपमा रहेको छ भने वृंदाबन, बरसाना, मथुरा, पंजाब, बनारस, अयोध्या लगायत अन्य ठाउँका होलिको आ-आफ्नै आनन्द रहेका छन। त्यहाँ "होलि" को आफ्नो मौलिकतालाई त्यहाँका मानिसहरूले जोगाएर राखेका कारण लाखौं पर्यटकहरु होलि हेर्न, मनाउन आउने गर्छन।

नेपालमा पनि विभिन्न समुदायले आ-आफ्नै धर्म-संस्कृति, परम्परा अनुसार होलि मनाउदै आइरहेका छ्न। यहाँ दुई दिन होलि मनाउने परम्परा रहिआएको छ। फाल्गुन पुर्णीमाका दिन पहाडी समुदायले मनाउने गर्छन् भने चैत्र प्रतिपदाका दिन तराई अथार्त मधेसी समुदायले मनाउने चलन चली आएको छ। तर यी दुबै दिन सबै समुदायले सद्भाव आत्मीयताका साथ होलि मनाउने गर्छन्। थारु, मारवाडी, ज्यापू, नेवार लगायत विभिन्न समुदायले रंगका पर्व मनाउने आ-आफ्नै परम्परा रहि आएका छ्न।

क्षेत्र मिथिलाका राजधानी जनकपुर धाममा मनाउने होलिको आफ्नै मौलिक बिशेषता रहेको छ।

हुन त मिथिला क्षेत्रमा बसन्त पञ्चमी देखि नै मानिसहरू आ-आफ्ना गाउँ शहरमा होलिका लोकगितहरु, जोगिरा हर्ष विभोर भइ गाँउदै अबिर लगाउदै होलिको रौनकतालाई चरम उत्कर्शमा लगि रमाउने गर्छ्न।

वास्तवमा यो चाड अविरको चाड हो। रंग पर्वको हो। आपसी सद्भाव, मित्रता र प्रेम अभिव्यक्त प्रकट गर्ने पर्व हो। पुराना रिस-राग बिर्सेर, एक अर्काको घरमा पुगेर, रंग अविर दलेर, मिठा-मिठा खाने कुरा खाएर आत्मियता गाँस्दै समुह समूह बनाएर रंग अबिर खेल्ने यो पर्व को बिशेषता हो। एक अर्कालाई अंगालो हाल्दा, रंग-अविर लगाउँदा रहेका वैमनस्यता पनि मेटिएर जान्छ। यो पर्व सामुहिक रुपमा मनाइन्छ। पुरुष हुन वा महिला, युवा हुन वा युवती, बुढा हुन वा बच्चा सबै एकै रंगमा रंगीन पुगेका हुन्छन्। धनि-गरिब, सानो-ठुलो, छुत-अछुत, ठूलो जात-सानो जातको कुनै प्रकारका भेदभाव हुँदैनन। सद्भावपुर्ण रुपले प्रेमत्वको रंगमा रंगिदैं आत्मीय सम्बन्ध गाँस्दै जब सबै एकैनासले समान रुपमा रंगिन पुग्दछन अनि यसलाई भनिन्छ -"होलिको रंग"।

उर्जा, उत्साह, उमंग, प्रेम, सद्भावको रंगबाट जब रंगिन पुगिन्छ तब प्रष्फुटन हुन थाल्दछ हास-परिहास।अनि प्रारम्भ हुन थाल्दछ ढोलक, डम्फा, झाल, करताल जस्ता बाध्यबादनको मधुर धुनमा

सा रा रा रा रा.. जोगिरा सा रा रा रा रा रा ...,
बा भाइ बा, बा खेलाडी बा..
जोगिरा सा रा रा रा रा...२
ध्यान राखु बस यते केकरो रंग न होय बेरंग,
रोम रोम मे खुशिया भइर दे होलि के ए उमंग!
जोगिरा सा रा रा रा रा रा रा रा रा २
सा रा रा रा रा रा रा
रंग होइ चाहे हरियर, पियर, कारी बैगिनी, लाल,
मस्ती के संगे घुलमिल जाउ खुव करु धमाल!
जोगिरा सा रा रा रा रा रा रा रा .. सा रा रा रा रा रा
बा भाइ बा, बा खेलाडी

अनि मस्तिका साथ रंगिन पुगिन्छ कर्ण प्रिय स्वर हास परिहासको रंगले! आनन्द दायक, अद्भुत, अजुवा, मन मोहक पर्व होलि।

यो सद्भावको पर्व। हर्षोल्लासको पर्व। मुक्त स्वच्छन्द हास-परिहासको पर्व। धर्म एंव परम्परागत संस्कृति रंग अबिरको पर्वको धार्मिक मूल्य मान्यताहरु पनि आफ्नै प्रकारका रहेको छन।

सत्य युगमा द्वेष प्रवृतीका हिरण्यकश्यप र सद प्रवृत्तिका भक्त प्रह्लादका संघर्षमा सद प्रवृत्तिको रुपमा रहेका प्रह्लादको बिजय भएको खुशियालिमा होलि खेल्ने परम्पराको प्रारम्भ भएको हो भन्ने गरिएको छ।

असत्य माथी सत्यको विजय। अधर्म माथी धर्मको विजयको खुशियालिमा सत्ययुग देखि द्वापर युग हुँदै यो पर्व कलियुगमा समेत हिन्दुधर्मालम्बिहरुले उमंग उत्साहका साथ धुमधामका संग रंग अबिर एक आपसमा दलेर मनाउदै आइरहेका छन ॥

यस पर्वको सन्दर्भमा एउटा रोचक कथा धर्मग्रन्थहरुमा उल्लेख रहेको छ। सत्य युगमा असुरहरुका एउटा निरंकुश राजा हिरण्यकश्यप रहेका थिए। ऊनी आफुलाई सर्वशक्तिमान, बलशाली राजाको रुपमा सबैले देउता सरह मान्नु पर्ने, पुज्नु पर्ने मान्यता लिएर राज्य चलाएका थिए। उनको बाहेक अरु कुनै देउताको पुजा, आरधना गरेको उनलाई मन पर्दैनथ्यो। कसैले अरुको पुजा गर्दा उसलाई आफ्नो शत्रु ठान्दथे।

ब्रह्माको घोर तपस्या गरेर मेरो मृत्यु नहोस् भन्ने बरदान मागेका थिए। तर ब्रह्माले मृत्यु माथी बिजय पाउने बरदान दिन नमिल्ने बताए पछि हिरण्कश्यपले भने - मेरो मृत्यु न धर्तिमा-न आकाशमा, न घर भित्र-न घर बाहिर, न अस्त्रले-न शस्त्रले, न मान्छेले- न जनावरले मार्न न सकोस् भनि वरदान माँगे। तथास्तु भनी ब्रह्माले वरदान दिएका थिए। यस वरदानले गर्दा सबैलाई आफ्नो पुजा गर्न बाध्य बनाउन थाले। यसै बीच हिरण्यकश्यपकि श्रीमती गर्भवती भइन र उनी भागवत सुन्न पुगेकी थिइन। उनको गर्भबाट प्रह्लादको जन्म भयो। प्रह्लाद बिष्णुको भक्त भएर निस्के। हिरन्यकश्यपले आफ्ना शत्रु बिष्णुको ध्यान, पुजा-पाठ नगर्न आफ्ना छोरा प्रह्लादलाई बारम्बार सम्झाउँदा पनि नमानेकोले मार्ने निर्णय गरे।

प्रह्लादलाई पहाडबाट खसाए, हात्तीबाट कुल्चन लगाए, अनेकौं जुक्ति गर्दा पनि मार्न सकेनन्। निराश भइ सकेका हिरण्यकश्यपलाई उनकी बहिनी होलिकाले अग्निमा न जल्ने वरदान अग्निबाट आफुले प्राप्त गरेको कुरा बताउदै एउटा जुक्ति सुझ्याइन। उक्त जुक्ति अनुसार हिररण्यकश्यपको आदेशा अनुसार चिता बनाइयो। त्यसमा होलिकाले आफ्ना दाइका छोरा भक्त प्रह्लादलाई लिएर बस्न पुगिन। चितामा आगो लगाइयो। आगो लाग्दै प्रह्लादले पहिले झै बिष्णु बिष्णु भन्दै जप्न लागे। जसै जसै अग्नि होलिकाको समीप पुग्यो उनको शरीर जल्न थाल्यो। प्रह्लाद निश्चित भएर बिष्णुको नाउँ जपेर बसेका थिए। होलिकालाई यो वरदान दिंदा भनिएको थियो -" यो वरदान तब सम्म प्रभाव पुर्ण रहन्छ जब सम्म आफ्नो स्वंयको रक्षा गर्न र अरुको भलाइको लागी प्रयोग गरिन्छ अन्यथा दुरुपयोग गरे निस्प्रभावी हुनेछ।" चिता भयंकर ठुलो थियो। होलिका यसै अग्निमा जलेर भस्म भइन। प्रह्लादको रक्षा स्वयं नारायण बिष्णुले गरिरहेका थिए। उनी सकुशल बाहिर आए। उनका संगिसाथिहरुले उनलाई भस्म गर्न लागेको थाहा पाएर हेर्न जाँदा त्यहाँ प्रह्लादलाई जिवितै देखेर खुशिले हर्षबिभोर भइ होलिका जलेका चिताको भष्म नै एक आपसमा दलेर होलिका खतम -होलिका खतम भनेर रमाएका थिए रे! यसै बेला देखी प्रत्येक साल यसै तिथिका दिन होलिकाको दहन गरेर यसको भोलिपल्ट खुशियालिमा रंग अविरका साथ होलि खेल्ने परम्परा चल्दै आएको छ।

कथाको अन्त्यमा बिष्णुले नरसिंहको अवतारको रुप धारण गरेर न घर भित्र- न घर बाहिर, न राती- न दिउसो, न अकासमा -न धर्तिमा, न शस्त्रले- न अस्त्रले, न मान्छेको रुपमा- न जनावरको रुपमा हिरण्यकश्यपलाई घरको संघारमा साँझ पख काखामा राखेर आफ्ना नंग्राहरुद्वारा मारेका थिए। यसै खुशियालिमा सत्य युग देखी नै होलि खेल्ने पररम्परा रहेको कुरा धार्मिक कथाहरूले व्यख्या गरेका छन। त्रेता युगमा भगवान रामले पनि विभिन्न स्थलमा होलि खेलेका धार्मिक ग्रन्थमा उल्लेख रहेका छन। द्वापर युगमा कृष्णले ब्रज भुमिमा राधा लगायत गोपिनिहरुसंग होलि खेलेका थिए। कलियुगमा आज हामी सो परम्परा लाई निर्वाह गर्दै आइरहेका छौं।

दुष्ट चरित्र, प्रवृत्तिको समापन भएको खुशियालिमा मनाइने यस पर्वमा हामीले हामी भित्र रहेका दुष्ट चरीत्रलाई समाप्त पार्ने संक्ल्प लिन सक्नुपर्छ। यस्तो महान हर्षोल्लास पुर्ण पर्वलाई हामीले विकृति विसंगति व्यभिचारमा परिणत गरिदिएका छौं। रक्सीको नशामा धुत भएर गाली बेइज्जती गर्नु, अश्लीलता प्रदर्सन गर्नु, नाङ्गै घुम्नु होलिको मौलिकतामा झल्किन थालेको छ। केमिकल युक्त रंग मानिसमा जोर जबर्जस्ति दल्नु विशेष्ता बन्दै गइरहेको छ। मोबिल, एल्मुनियम पेन्ट जस्ता विषादी पेन्टहरु दलेर बहादुरी देखाउने आनन्द लिने प्रवृत्ति बढ्दै गएको छ। रक्सीको मातमा मोटर साइकल तिव्र गतिमा तीन चार जना बसाएर दौडाउनु, मारपिट-झै-झगडा गर्नु होलिको विषेशता बन्दै गइरहेको छ। यति मात्र कहाँ हो र? होलिको बहानामा रगतका होलि खेल्न पनि थालिएको बिगतका तिता घटनाहरुले देखाउदछ।

सभ्य मानिसहरू घरबाट निस्कन डराउन थालेका छन। महिला युवतिहरु समुह -समुहमा एक अर्का घरमा गएर होलि खेल्ने परम्पराहरु हराउन थालेका छन। ढोलक, करताल, डम्फाहरुका स्वर सुनिन छाडेका छन। लोकगित, भगवानका गित, जोगिरा मानिसहरुले बिर्सन थालेका छन।

बिगतका समयमा जनकपुर धाममा हुने होलिको रौनाकता अति नै सुन्दर, अति नै रमाइलो जो सुकैलाई मन मोहित पार्दै लठ्ठाइदिन्थ्यो। बिहानै फागु पुर्णीमाका दिन अन्तगृह परिक्रमा गरे पश्चात् केहि पहाडे समुदायले सोही दिन होलि मनाउने गर्दथे भने पुनः अर्को दिन पनि मनाइने होलिमा सबै सरिक भइ रंगिन पुग्दथे

जनकपुर धामका ब्रह्मपुरी, किशोरी नगर, वकिल टोल, नमुना वस्ती, भिमान टोल लगायतका वस्तीहरुबाट पहाडे समुदायहरु र जानकी नगर, पिडारी, मिल्स एरिया, रेल्वे स्टेसन, लक्ष्मण अखाडा, महावीर चौक, मुरलिचौक लगायतका वस्तिहरुबाट मधेसी समुदायहरु झुन्डका झुन्ड युवा-युवती, बुढा-पाखा सबै निर्भिकताका साथ होलि मनाउन घरबाट बाहिर निस्कने सद्भावपुर्ण वातावरण रहेको थियो। एक अर्काका घरमा जाने आफू भन्दा ठूला संग आशीर्वाद लिने, आफना संगी साथीहरुसंग होलि खेल्ने र मिष्टान्न भोजन गर्ने गराउने सद्भावपुर्ण आत्मीय सम्बन्ध गाँसिएको पर्व थियो। जनकपुर धाममा होलि खेल्न, हेर्न बाहिरका मानिसहरुको ओइरो नै लाग्ने गर्दथ्यो। तर समयको विडम्बना! क्षणिक राजनीतिका स्वार्थले राजनीतिक कर्मिहरुद्वारा उब्जाइएका क्षणिक विषाक्त वातावरणलाई झेल्न नसक्दा यहाँबाट पहाडे, मारवाडी र कतिपय मधेसी समुदायहरु पनि पलायन भएर गए। नयाँ बसोबासको व्यापकता हुन थाल्यो। जनकपुर धामका टोल टोल, चौक चौराहा, सार्वजनिक दलान मठ-मन्दिरहरुमा साँझै देखि ढोलक, डम्फा, करतालको ध्वनिमा गुञ्जिने जोगिराका स्वरहरु हराउन थाले।

होलिका दिन विभिन्न स्वरुपमा मान्यजनका घर घरमा पुगेर बाध्य बादनका साथ जोगिरा गाउने, होलि मनाउने चलन हराउन पुगे। सिमित दायरामा होलि मनाउने प्रचलन प्रारम्भ भयो। " होलि मिलन समारोह " हरु आयोजना हुन थाले। जातीय संघ संस्थाहरुले पनि स्वाजातिए होलि मनाउन थाले। जातिए संकीर्ण दायरा भित्र मिथिलाञ्चल क्षेत्रको रमणीय पर्व होलिलाई जनकपुर धाममा समेटिन थालिएको छ।

यहाँका पुराना धर्म, संस्कृति, मुल्य मान्यताहरु हराउन थालेका छन। यस नगरीको आफ्नो पौराणिक धार्मिक, साँस्कृतिक स्वरुपलाई, मुल्य मान्यताहरुलाई भत्काउन थालिएको छ। मौलिक धार्मिक सांस्कृतिक पहिचानलाई झन ध्वस्त बनाउने वातावरणको निर्माण गरिदैं लगिएको छ।

अन्त्यमा एक चोटि गम्भीर भएर सोचौं! यस हर्षोल्लास आनन्दमय महान पर्वलाई विकृती मुक्त पार्दै परापुर्बकालदेखी मनाउदैं आएको धर्म संस्कृति परम्परालाई संरक्षण सम्बर्द्धन गर्दै आफ्नो मौलिक पहिचानलाई कायम गर्ने मार्गमा अग्रसर होऔं।

# फागुमा अबिरको प्रयोग कहिलेदेखि गरियो ?



ध्रुवसत्य परियार

हिन्दु संस्कृतिका अधिकांश चाडपर्वका पिँधमा केही न केही कथा वा किंवदन्ती र कुनै न कुनै शास्त्रीय आधार भेटिन्छन्। हाम्रो लोकसङ्गीत ऋतुसँग सम्बन्धित पनि छन्। फाल्गुन शुक्ल पूर्णिमाको दिन मनाइने होली पर्व नाचगान र रङको उत्सवसँग सम्बन्धित छ।

यस पर्वमा रङ वा अबिर लगाएर उत्सव किन मनाइन्छ ? यसको सुरुवात कहिलेदेखि भयो ? यसको जवाफ खोज्न पुराणहरूसम्म पुग्नुपर्छ।

फागु पूर्णिमा र यसमा रङ वा चूर्णको प्रयोगका सम्बन्धमा पुराणहरूमा सङ्केतात्मक ढङ्गले उल्लेख भएको पाइन्छ। लिङ्ग पुराणमा फागु पूर्णिमालाई 'फाल्गुनिका' भनिएको छ – 'फाल्गुने पौर्णमासी च सदा बालविकासिनी। ज्ञेया फाल्गुनिका सा ज्ञेयालोक विभूतये।' अर्थात्, यो पर्व बालकको विकास वा क्रीडा र मानिसको विभूति (ऐश्वर्य)सँग सम्बन्धित छ।

फागु पूर्णिमामा 'पटवास-विलासिनी' चूर्णको प्रयोग हुने वराह पुराणमा उल्लेख छ– 'फाल्गुने पौर्णमास्यां तु पटवासविलासिनी। ज्ञेया सा फाल्गुनी लोके कार्यालोक समृद्धये।'

आफ्नो पुस्तक (धर्मशास्त्रका इतिहास, भाग ४)मा पाण्डुरंग वामन काणेले 'पटवास-विलासिनी'को शब्दार्थमा चूर्ण (कुन रङको भन्ने उल्लेख छैन)ले युक्त मनोरञ्जनात्मक खेलका लागि तयार व्यक्तिप्रति सङ्केत गरेका छन्। उनले पटवास-विलासिनीको अर्थमा लेखेका छन्, 'चूर्ण से युक्त क्रीडाओं वाली।'

काणेले फागु पूर्णिमालाई प्राचीन उत्सव भनेका छन्। उनले जैमिनि सूत्रलाई उद्धृत गर्दै लेखेका छन्, 'होली वा होलिकाको आरम्भिक शब्दरूप होलाका थियो। जैमिनि र शबरको भनाइ छ कि होलाका सबै आर्यले मनाउनुपर्छ।'

काणेका अनुसार, काठकगुह्य सूत्रमा 'राका होलाके' भन्ने एक सूत्र छ– 'होला कर्मविशेषः सौभाग्याय स्त्रीणां प्रातरनुष्ठीयते। तत्र होलाके राका देवता।' यसको व्याख्या टीकाकार देवपालले गरेका छन्– होला एक कर्म विशेष हो, जो नारीको सौभाग्यका लागि सम्पन्न गरिन्छ। यस कृत्यका देवता हुन् राका अर्थात् पूर्णचन्द्र। अन्य टीकाकारका अनुसार, होलाका प्रसिद्ध २० क्रीडामध्ये एक हो, जुन सम्पूर्ण भारतमा खेलिन्छ।

लिङ्ग पुराणलाई हेर्दा यो बुझिन्छ– होली पर्व केटाकेटीलाई निडर भई खेल्न र रमाउन प्रेरित गर्ने पर्व हो, अर्थात् यसकै लागि यो पर्व मनाउन सुरु गरिएको हुनुपर्छ। वराह पुराणलाई हेर्दा– नरनारीलाई रमाउने बनाउन वा कोही यौनकुण्ठामा नबसोस्, मनोरोगी नबनोस् भन्ने उद्देश्यले यो पर्व मनाउन थालेको भन्ने बुझिन्छ। वराह पुराणमा जुन शब्द परेको छ 'पटवास-विलासिनी'; प्रज्ञा प्रतिष्ठानको 'नेपाली बृहत् शब्दकोश' अनुसार 'पट' शब्दको अर्थ हुन्छ– वस्त्र, कपडा; मूर्ख आदि। 'विलासिनी' शब्दले 'कामुक चरित्र भएकी; सुन्दरी (स्त्री); वेश्या; गणिका'लाई बुझाउँछ। 'वास' शब्दले 'बसोबासका लागि बनाइएको ओत; घर; गृह; बसोबास गर्ने काम; निवास; बास्ना; सुगन्ध'को अर्थ दिन्छ।

काणेले लगाएको अर्थ र शब्दकोशले दिने अर्थलाई केलाउँदा 'पटवास-विलासिनी'ले सुगन्धित चूर्ण लागेको वस्त्र र स्त्रीतिर पनि सङ्केत गर्छ। 'होलाका'को उल्लेख वात्सायनको कामसूत्रमा पनि छ। जेहोस्, होली उत्सवको पर्व हो, वसन्तको खुसियाली हो। यस पर्वलाई मदनोत्सव र वसन्तोत्सव पनि भनिन्छ।

कामसूत्र एवं भविष्योत्तर पुराणले यस पर्वलाई वसन्तसँग जोड्छ। पूर्णिमान्त गणनाका अनुसार यो पर्व वर्षको अन्त्यमा मनाइन्छ। अतः होलिका हेमन्त या पतझडको अन्त्यको सूचक हो र वसन्तको काम-प्रेममय लीलाहरूको द्योतक हो। मस्तीपूर्ण गीत, नृत्य एवं संगीत वसन्तागमनको उल्लासपूर्ण क्षणहरूको परिचायक हो।

काणेले उपर्युक्त पुस्तकमा लेखेका छन्, 'कामसूत्र एवं भविष्योत्तर पुराणले यस पर्वलाई वसन्तसँग जोड्छ। पूर्णिमान्त गणनाका अनुसार यो पर्व वर्षको अन्त्यमा मनाइन्छ। अतः होलिका हेमन्त या पतझडको अन्त्यको सूचक हो र वसन्तको काम-प्रेममय लीलाहरूको द्योतक हो। मस्तीपूर्ण गीत, नृत्य एवं संगीत वसन्तागमनको उल्लासपूर्ण क्षणहरूको परिचायक हो।'

नेपालमा फागु पर्वको शुभारम्भ फागुन शुक्ल अष्टमीमा काठमाडौँको हनुमान ढोकाको वसन्तपुर दरबारअगाडि चीर गाडेर गरिन्छ। ऋषिप्रसाद शर्माको पुस्तक 'नेपाल राष्ट्रिय चाडपर्व' अनुसार, मल्लकालीन अभिलेखहरूबाट मल्ल राजाहरू आफ्नो दरबारको सामुन्ने मयलको रुख गाडी फागुनमा फागु पर्व मनाउने गर्थे भन्ने कुराको पुष्टि हुन्छ।

### किंवदन्ती

काणेले होलीसम्बन्धी एउटा कथा प्रस्तुत गरेका छन्। कथा अनुसार, ढोण्ढा नाम गरेकी राक्षसीले बालबालिकालाई सताएकी थिई। शिवबाट देवता र मानव कसैले मार्न नसक्ने, जाडो र गर्मीबाट पनि नमर्ने वर पाएकी त्यस राक्षसी उन्मुक्त वा क्रीडायुक्त बालबालिकासँग भने डराउँथी। त्यसैले उसले बालबालिकालाई सताउने गर्थी। फागुन शुक्ल पूर्णिमा अर्थात् जाडो जाने र गर्मी लाग्ने बेला केटाकेटीले अश्लील गीत-नृत्य तथा अट्टहास गरेमा राक्षसी मर्ने रहस्य राजा रघुका पुरोहितले बताए। पुरोहितले भने अनुसार गर्दा राक्षसीको मृत्यु भयो र सोही दिनलाई 'अडाडा' या होलिका भनियो।

अर्को प्रचलित कथा भन्छ– हिरण्यकशिपुकी बहिनी होलिकाले देवताबाट आगोले नजल्ने वर पाएकी थिइन्। हिरण्यकशिपुले विष्णुभक्त पुत्र प्रह्लादलाई मार्न होलिकासँगै प्रह्लादलाई अग्निमा हाल्छन् तर विष्णुभक्त भएकाले प्रह्लादलाई आगोले जलाउँदैन, होलिकालाई जलाउँछ।

कुनै पनि पर्वमा कथा (मिथक वा किंवदन्ती) जोडिनुको अर्थ यही हो– मानिसहरूको ध्यान त्यसप्रति खिचियोस्। कथाका माध्यमबाट मानिसलाई कुनै कुरा सम्झाउन सहज हुन्छ, त्यसैले हाम्रा पुर्खाले अनेक कथा कल्पे। पर्वहरूमा आउने कतिपय कथामा त्यहाँको लोकले विश्वास गर्ने तर अवैज्ञानिक खालका घटनाक्रम आउँछन्; कतिपय कथाले कोहीप्रति विभेद पनि गरेका हुन्छन्। आगोले नजलाउने वर पाएकी होलिका जलेको तर कुनै वर नपाएका प्रह्लाद नजलेको जुन होलीको प्रचलित कथा छ, यसले स्त्रीले पाएको वर पनि झुटो हुने भन्ने अर्थ दिन्छ।

# सहकारी समस्या छिटै समाधान गरिने : गृहमन्त्री लामिछाने



टुडे समाचारदाता

चितवन । गृहमन्त्री रवि लामिछानेले सहकारीमा देखिएको समस्या छिटै समाधान गरिने बताएका छन् । आइतबार पत्रकार हरुसँग कुराकानी गर्दै उनले सहकारीपीडितसँग सरकारले वार्तामार्फत समस्या समाधानको प्रयास गरेको बताए ।

गृहमन्त्री लामिछानेले सरकारी वार्ता टोली र सहकारीपीडितको वार्तामा सहमति भएको बताउदै सहमति कार्यान्वयनमा ल्याई देशभरिका सहकारीपीडितको समस्या समाधान गरिने उनले बताए । सहकारीको पैसा अपचलन गर्नेहरुको सम्पत्ति खोजेर भए पनि बचत कर्ताको पैसा फिर्ता गर्ने उनले बताए ।

गृहमन्त्री लामिछानेले बचतकर्ताको रकम फिर्ता गर्नका लागि सम्बन्धित दोषीहरुको सम्पत्ति ल्याएर भए पनि उपलब्ध गराउने बताए । सहकारीको पैसा अपचलन गरेर फरार रहेका जीवि राईलाई नियन्त्रणका लागि सरकारले पूरै शक्ति परिचालन गरेको उनले बताए ।

सरकारले गरेका अनुसन्धान र अध्ययनका कुरा पहिलेनै सार्वजनिक गर्न नहुने भन्दै उहाँले राई छिट्टै पक्राउ पर्ने विश्वास व्यक्त गरे ।

सरकारले गरेका कामको नतिजा पूर्णरुपमा आउने उनको भनाइ थियो । उनले भने, "काहीँ कतै कसैलाई कानुनले जे भन्छ त्यही गर्ने हो । निर्दोष नफसोस् दोषी नउम्यिोस् भन्ने प्रधानमन्त्रीको निर्देशन छ । त्यहीअनुसार काम हुन्छ ।" प्रक्रियामा केही जटिलता भए पनि नतिजा आउने गरी काम गर्ने उनले बताए ।

फरक प्रसङ्गमा बोल्दै उनले चेपाङ्ग समुदायका लागि राज्यको उपस्थिति हुनेगरी सरकारले काम गर्ने बताए ।

विज्ञहरु र सरोकारवाला प्रतिनिधिसँगको छलफलबाट यसवर्ष बजेटमै राखेर काम गर्न लागिएको उनले बताए । जनताको दुःखमा राज्य पुग्नुपर्ने उनको भनाइ थियो ।

# संसद् राजनीतिक दलका लागि रिस साँध्ने थलो भयोः नेता किराती



काठमाण्डु । संसद ऐन, कानुन बनाउने जनताद्वारा निर्वाचित जनप्रतिनिधिको थलो हो । तर, हामी सांसदले संसदभित्र सोहीअनुसार प्रभावकारीरुपमा अभ्यास गर्न भने सकेका छैनौँ भन्ने मलाई अनुभूति हुन्छ ।

एकजना मान्छेले चाहेर भन्दापनि संस्थागत ढङ्गले संसदलाई अगाडि लैजान र यसको भूमिकालाई प्रभावकारी बनाउन सकिएको छैन । संसदमा ऐन कानुन चाँडो बनाएर नयाँ संविधानको मर्म र भावना अनुरुप अगाडि लैजानुपर्ने थियो तर, संसद भने राजनीतिक दलका लागि रिस साँध्ने थलोका रुपमा मात्रै प्रयोग भइरहेको हो कि जस्तो लागिरहेको छ ।

राजनीतिक दलहरुबीच इगो साध्ने, आरोप प्रत्यारोपमा समय खर्चिने प्रवृत्ति पुरानै रोग हो । त्यसैले सङ्घीय लोकतान्त्रिक गणतन्त्रको मर्मअनुरुप कानुनहरु बनेका छैनन् त्यसमा म सन्तुष्ट छैन । अर्को रुपले हेर्दाखेरी नेपालजस्तो विकासोन्मुख मुलुकमा यस्तो व्यवस्थाबाट जनताको आवश्यकता र चाहनाअनुसार काम गर्न नसकिनेर हेछजस्तो मलाई लाग्छ ।

जनताको चाहना धेरै छिटो विकास होस् भन्ने छ । यो अहिलेको आवश्यकता पनि हो । त्यो आवश्यकतालाई अहिलेको प्रक्रियाबाट पूरा गर्नैनसकिने हो कि जस्तो देखिएको छ । संसदमा विजनेश जान नसकेको अवस्था छ । संसदसम्म विजिनेस पुऱ्याउन झन्झटिलो प्रक्रिया छ ।

पहिलो कुरा त ऐन कानुनको मस्यौदा बनाउने निकायमा नै पुरानो मानसिकता र पुरानो संस्कृति हावी छ । त्यहाँबाट बल्लतल्ल मन्त्रीले मस्यौदा अगाडि बढाउँदा विभिन्न मन्त्रालयहुँदै मन्त्रिपरिषद्, संसद, संसदीय समिति फेरि संसदहुँदै जाँदा एउटै ऐन बनाउदा लामो समय लाग्ने अवस्था छ । यसले कानुन निर्माणमा ढिलासुस्ती भएको छ । संसदीय प्रक्रिया निकै झन्झटिलो पनि भएको छ ।

अस्थिर राजनीतिले प्रशासनिक उल्झन पनि ल्याउँछ । पाँच वर्षमा निर्वाचन कसरी जित्ने भन्ने दल र सांसदको ध्यान केन्द्रित हुन थालेको छ । जनतासामु गरेको बाचा कसरी पूरा गर्ने भन्दा पनि चुनाव कसरी जित्ने भन्नेमै ध्यान केन्द्रित हुने अवस्था छ । सबै सांसदले विकासको कुरा जनतासँग बोलेर आएको हुन्छ । अहिले मात्रै होइन, पञ्चायतकाल, राजतन्त्रको पालादेखिनै सांसदले जितेर गएपछि विकास गर्छन भन्ने संस्कृति बसेको अवस्था छ ।

अहिले सबै सांसदहरुको ध्यान कानून निर्माणमा केन्द्रित नहुनु र संस्थागत रुपले पनि संसद संसदजस्तो नहुनु यो दुःखलाग्दो विषय पनि बनेको छ । फेरि पनि लोकतन्त्रको विकल्प लोकतन्त्र नै हो । यसको अर्को विकल्प हुनसक्दैन । अझ यसलाई जनवादी र प्रभावकारी बनाउनका लागि पूर्वमेचीदेखि पश्चिममहाकालीका जनताले नै चुनेको कार्यकारी प्रमुखको प्रणाली ल्याइयो भने नै नेपालजस्तो देशमा चाँडो विकास हुनसक्छ भन्ने लाग्छ । र, यो विषय हाम्रो पार्टीले पनि पहिलादेखि उठाइरहेको छ ।

निर्वाचनमा म आफैले पनि फरक ढङ्गले जनमत माग्नेगरेको छु । अरुभन्दा पृथक ढङ्गले नै भोट मागेर आएको हुँ । मैले विकासमार्फत मुलुक कायापलट बनाउँछु । चमत्कार गर्छु भनेर भोट मागेको छैन । मुख्यतः विकासका लागि हामीसँग भएका कानून विकासमैत्री हुनुपर्छ । मन्त्री एउटा कार्यकारी पद हो तर, गर्नुपर्ने काम सीमाभित्रै हो । सीमित बजेट र पुरानै प्रणालीमा रहेर काम गर्नुपर्ने अवस्था छ । जसले अपेक्षाकृतरुपमा नतिजा दिन गाह्रो हुन्छ । पुरानै संस्कृति र ऐन कानूनमा बसेर काम गर्नुपर्ने बाध्यता हुन्छ ।

यद्यपि, जनचाहना अनुरुप गर्न धेरै काम गर्न नसकिए पनि मन्त्रीका रुपमा धेरै नीतिगत र प्रवृत्तिगत रुपमा सुधारको काम गरेको छु । पर्यटन र संस्कृतिलाई एकसाथ अगाडि उठाउने सन्दर्भमा मैले धेरै नै नयाँ काम गरेको थिए ।

अब, मेरो भूमिका संसदमा ऐन कानुन बनाउन प्रथमिकताका साथ लाग्नेतर्फ केन्द्रित हुनेछ । तर, सरकारले संसदलाई पर्याप्त विजनेस दिनुपर्छ । सक्रिय ढङ्गले ऐन कानून बनाउने भूमिकामा केन्द्रित हुनुपर्छ ।साथै जनताका सरोकारका विषयलाई सदनमा सशक्त ढङ्गले उठाउने, जनता र सरकारलाई जोड्ने, गाउँ र सहरलाई जोड्ने पुलको भूमिका निर्बाह पनि सांसदको दायित्वभएकाले त्यसलाई जिम्मेवारीपूर्वक पालना गर्नेतर्फ मेरो ध्यान हुनेछ ।

समग्रमा भन्नुपर्दा संसदलाई कल्यै पनि आग्रह र पूर्वाग्रहको थलो बनाइनुहुन्न । सांसद राजनीतिक रिसिइबी साँध्ने थलो होइन । यो नितान्त ऐन कानुन बनाउने ठाँउ हो । नेपालमा लामो सङ्घर्ष र बलिदानपछि प्राप्त संविधानको भावना अनुरुप छिटोभन्दा छिटो कानुन बनाउनुपर्छ । यति त्यो अनुरुप कानुन बनाइएन भने जनताले राहत पाउदैनन् ।

जनताले गणतन्त्रको प्रत्यक्ष प्रत्याभूति गर्न पाएनन् भने व्यवस्थाप्रति नै वितृष्णा जाग्न थाल्छ । त्यसकारण यो व्यवस्थालाई बचाउन र अझ सुदृढ र प्रभावकारी बनाउन पनि जनताको तल्लो तहसम्म पुऱ्याउने मूख्य काम ऐन कानुन बनाउन सबै राजनीतिक दल, सरकार एवं सरोकारवाला जोडदारकासाथ लाग्नुपर्छ ।जनतासँग निरन्तर जोडिरहेको व्यक्ति भएकाले म आगामी दिनमा पनि उहाँहरुको राय, विचार र सुझावलाई केन्द्रमा राखेर पदीय जिम्मेवारी पूरा गर्ने प्रतिवद्धता व्यक्त गर्न चाहन्छु ।

अन्त्यमा आइतबार नेपालको लोकप्रिय सांस्कृतिक पर्व होली मनाइँदैछ । यो पर्व तराई, पहाड र हिमालमा उत्तिकै महत्वका साथ मनाइन्छ । यसले सांस्कृतिक एकताको भूमिका पनि निर्बाह गरिरहेको छ । यसरी नै सबै राष्ट्रिय पर्वहरुको हसोल्लासका साथ मनाएर देशलाई राष्ट्रिय एकताको भावना जागृत गराउन मद्दत पुगोस भनी शुभकामना व्यक्त गर्न चाहन्छु ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का पोलिटब्युरो सदस्य एवं सांसद सुदन किराती सरकार र संसदमा लामो समय अनुभव भएको नेता हुनुहुन्छ । सांसद किराती यसअघि संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री हुनुहुन्थ्यो । विस २०३५ मा भोजपुरको ओखेमा बुबा हर्कबहादुर राई र आमा रक्षा कुमारीको कोखबाट जन्मनुभएका राई भोजपुरबाट तीनपटक सांसद बन्नुभएको थियो । उहाँ विसं २०६४ को संविधानसभा सदस्य निर्वाचनमा (भोजपुर-२), विसं २०७४ र २०७९ को प्रतिनिधिसभा सदस्यमा (भोजपुर-१) बाट निर्वाचित हुनुभएको थियो । विसं २०४५ बाट विद्यार्थी राजनीतिमा सहभागी किराती तत्कालीन माओवादीले सञ्चालन गरेको जनयुद्धमा संलग्न भई २३ महिना जेलजीवन बिताउनुभएको थियो ।रासस

# होलीले पारस्परिक एकता कायम गरेको देउवाको भनाई



टुडे समाचारदाता

काठमाण्डु । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले नेपालको हिमाल, पहाड र तराईमा हर्षोल्लासका साथ मनाइने होलीपर्वले पारस्परिक एकता र सामाजिक सद्भाव कायम राखेको बताएका छन् ।

फागु पर्वका अवसरमा आइतबार शुभकामना सन्देश जारी गर्दै सभापति देउवाले अन्यायमाथि न्यायको सन्देश दिने फागुलाई नेपाली समाजले हरेक वर्ष पारिवारिक स्नेह, पारस्परिक एकता र सामाजिक सद्भावका साथ मनाउँदै आएको बताएका हुन् ।

"फागुपर्वमा खेलिने विविध रङ्गजस्तै नेपाली समाज पनि जातीय, भाषिक र सांस्कृतिकरूपले विविधतापूर्ण रहेको छ, यही विविधताबीचको एकता नेपालीको विशिष्ट पहिचान बनेको छ, फागुपर्व हाम्रो एक धार्मिक र सांस्कृतिक पर्व हो", सभापति देउवाद्वारा जारी शुभकामना सन्देशमा भनिएको छ ।

सभापति देउवाले वसन्त ऋतुको आगमनसँगै आपसी मेलमिलाप र सद्भावनाको सन्देश दिने फागुपर्वले सबैको घरपरिवारमा सुख, शान्ति र समृद्धिको वातावरण सिर्जना गर्दै पारस्परिक एकता र सामाजिक सद्भाव अभिवृद्धिमा प्रेरित गर्ने बताएका छन् ।

साथै उनले नेपालको हिमाल, पहाड र तराईका जिल्लामा हर्षोल्लासका साथ एकअर्कालाई रङ लगाई खुसीयाली साटासाट गर्दै खेलिने फागुपर्वको पावन अवसरमा सम्पूर्ण दिदीबहिनी तथा दाजुभाइमा हार्दिक शुभकामना व्यक्त गरेका छन् ।

# उपनिर्वाचनका लागि एमालेले तोक्यो उम्मेदवार




टुडे समाचारदाता

काठमाण्डु । नेकपा (एमाले)ले इलाम क्षेत्र नं २ को उपनिर्वाचनमा सुहाङ नेम्बाङलाई उम्मेदवार बनाउने निर्णय गरेको छ ।

ललितपुरको च्यासलस्थित पार्टी मुख्यालयमा आइतबार बसेको सचिवालय बैठकले उनलाई उम्मेदवार बनाउने निर्णय गरेको एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले जानकारी दिएका छन् । सुहाङ नेम्बाङ सोही क्षेत्रका एमाले नेता सुवास नेम्बाङका कान्छा छोरा छन् । सुवासको मृत्यु भएपछि सो क्षेत्रमा उपनिर्वाचन हुन लागेको हो । यसैगरी बझाङको प्रदेश १ मा हुने उपनिर्वाचनमा एमालेले दमनबहादुर भण्डारीलाई उम्मेदवार बनाउने निर्णय गरेको छ । यी दुवै क्षेत्रमा आगामी वैशाख १५ गते उपनिर्वाचन हुन लागेको छ ।

यस्तै आइतबारको बैठकपछि उपमहासचिव ज्ञवालीले नयाँ राजनीतिक सहकार्य भएपछि मुलुकमा केहीमात्रामा आशाको सञ्चार भएको प्रतिक्रिया दिएका छन् । "हाम्रो पार्टी यस सरकार र सरकारको कार्यसम्पादनलाई प्रभावकारी बनाउँदै समाजमा रहेको निराशा चिर्ने, अवरुद्ध भएका विकास, समृद्धि र सुशासनको प्रक्रियालाई नयाँ गतिदिने र देश राष्ट्रको हितको रक्षा र सम्वर्द्धनमा केन्द्रित भएर लाग्ने पार्टीले ठोस सङ्कल्प गरेको छ", उनले भने ।

सरकारले पनि त्यही हिसाबले आफ्ना कामलाई अझबढी चुस्त बनाई समस्या केन्द्रित गरी जनतामा भरोसा जगाउने गरी अगाडि बढोस् भनेर एमालेले सुभेच्छा व्यक्त गरेको पनि जानकारी दिए । सो बैठकले मस्कोमा भएको आतङ्ककारी हमलाको निन्दा र भर्त्सना पनि गरेको छ ।

बैठकले पार्टीका नेता ऐन महरलाई केन्द्रीय सदस्यमा मनोनीत गर्ने निर्णय पनि गरेको छ । यसअघि महरले केन्द्रीय सदस्यबाट राजीनामा दिएका थिए । उपमहासचिव ज्ञवालीले नेता महरले पार्टी निष्ठा र इमान्दारिताका साथ काम गर्ने प्रतिबद्धता व्यक्त गरेकाले पार्टीको विधानअनुसार उनलाई पुनःकेन्द्रीय सदस्यमा मनोनीत गर्ने निर्णय गरिएको बताए ।

# चाडपर्वले आपसी सद्भाव कायम गर्छ : नेपाल



टुडे समाचारदाता

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले मुलुकमा परम्परागत रूपमा मनाइने चाडपर्वले मौलिक संस्कृति संरक्षणका लागि महत्त्वपूर्ण भूमिका निर्वाह भएको बताएका छन् । अध्यक्ष नेपालले फागुपूर्णिमाका अवसरमा आइतबार शुभकामना सन्देश जारी गर्दै बहुजातीय, बहुभाषिक, बहुधार्मिक एवं बहुसांस्कृतिक विशेषताले भरिपूर्ण नेपाली समाजमा सबै जाति, समुदायका मौलिक विशेषता बोकेका पर्व, संस्कृतिको जगेर्नाबाट समुन्नत समाज निर्माणमा सहयोग पुग्ने बताएका छन् ।

सामाजिक एकता अभिवृद्धि, राष्ट्रिय एकतालाई बलियो बनाउने यस्ता पर्वले परम्परागत मौलिक पक्षका साथै राष्ट्रको गौरव बढाउने भन्दै उनले सबै समुदायका सांस्कृतिक पहिचानको प्रवर्द्धन गर्नुपर्नेमा जोड दिए ।

पूर्वप्रधानमन्त्री नेपालले हाम्रा पहिचान निर्माणका लागि चाडपर्वको उल्लेखनीय भूमिका रहेकाले तिनको संरक्षण तथा प्रवर्द्धन गर्नुपर्नेमा जोड दिँदै विविध विशेषताका कारण विश्वमा हाम्रो छुट्टै पहिचान बनेको सन्देशमा उल्लेख गरेका छन् ।

नेपाली समाजलाई यस्ता चाडले एकताबद्ध गरी पारस्परिक सम्मान, सहअस्तित्व, सद्भाव स्थापित गर्ने विश्वास व्यक्त गर्दै उनले मानव सभ्यताको विकाससँगै जोडिएका सम्पूर्ण जातजातिका पर्व, भाषा, साहित्य, कला, संस्कृतिले मुलुकलाई सांस्कृतिक रूपमा सम्पन्न बनाउने बताएका छन् ।

अध्यक्ष नेपालले समाजमा विद्यमान सबै प्रकारका विभेद अन्त्य गरी समतामूलक एवं सुसंस्कृत समाजको निर्माण गर्नुपर्नेमा जोड दिए ।

# 'मुलुकमा शान्ति कायम गर्न सबै पक्षको योगदान आवश्यक'

कैलाली । सुदुरपश्चिम प्रदेशका प्रदेश प्रमुख नाजिर मियाले धार्मिक सहिष्णुताका साथ मुलुकमा शान्ति कायम गर्न सबै पक्षको योगदान आवश्यक रहेको बताउनुभएको छ ।

अन्तर धार्मिक सद्भाव समन्वय सङ्घ नेपाल रुपन्देहीले आइतबार धनगढीमा आयोजना गरेको सम्मान कार्यक्रममा उहाँले सो कुरा बताउनुभयो । उहाँले धार्मिक र जातिय द्वन्द्व जस्ता गतिविधि हुन नदिन र सबै जातजाति, धर्मका मानिस बस्न र खेल्न पाउने वातावरण बनाउने गरी काम गर्नुपर्नेमा जोड दिनुभयो ।

कुनै पनि धर्ममाथि कसैले हस्तक्षेप गर्न नमिल्ने उहाँले बताउनुभयो । प्रदेश प्रमुख मियाले सुदूरपश्चिम धार्मिक रूपमा शान्त भएको बताउँदै सधैँ शान्त राख्न सजग भएर अघि बढ्नुपर्ने बताउनुभयो । उहाँले धार्मिक सद्भाव सङ्घका तर्फबाट सम्मान गरिएको हो । सङ्घका उपाध्यक्ष चन्दा थापाले प्रदेश प्रमुख मियाको नेतृत्वमा रुपन्देहीमा केही महिना अघि सो संस्था गठन गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार सो संस्थामा नेपालमा रहेका सबै धर्मका अगुवा सम्मिलित छन् । सो संस्था देशभर धार्मिक द्वन्द्व हुन नदिने गरी काम गर्न स्थापना भएको उपाध्यक्ष थापाले बताउनुभयो ।

धार्मिक सद्भाव कायम राख्ने उद्देश्यले मियाँको अध्यक्षतामा रुपन्देहीमा अन्तर धार्मिक सद्भाव सङ्घ गठन गरिएको थियो । सङ्घका केन्द्रीय अध्यक्ष प्रदेश प्रमुख नियुक्त भएपछि सम्मान गर्न रुपन्देहीको टोली कैलालीको धनगढी पुगेको हो ।रासस

# आयोगको जनविश्वास टुट्न नहुने प्रदेश प्रमुख भट्टको भनाई



टुडे समाचारदाता

लेखनाथ । गण्डकी प्रदेशका प्रदेश प्रमुख डिल्लीराज भट्टले लोकसेवा आयोग प्रतिको जनविश्वास टुट्न नदिन परीक्षा प्रणालीकोगुणस्तरीयतालाईकायम राख्नुपर्ने बताएका छन् ।

प्रदेश लोक सेवा आयोग, गण्डकी प्रदेशको तेस्रो वार्षिकोत्सवको आइतबार उद्धाटन गर्दै प्रदेश प्रमुख भट्टले आयोगलाई आफ्नो गरिमालाई कायम राख्दै नेपालको संविधान र प्रचलित कानुनको अधिनमा रहेर आफ्ना गतिविधि प्रभावकारी रुपमा अगाडि बढाउन सुझाव दिएका छन् ।

"लोक सेवा आयोगले आफ्नो योग्यता, निष्पक्षता र स्वच्छता आजको मितिसम्म पनि कायमै राख्न सफल भएकोमा त्यसप्रति धन्यवाद व्यक्त गर्दै अबका दिनमा पनि आयोग अझ बढी प्रभावकारी रुपमा अगाडि बढ्नुपर्छ", उनले भने, "आयोगमा राजनीतिक हस्तक्षेप हुन दिनुहुदैन् ।"गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले निष्पक्षताको विश्वासिलो संस्था आयोग मात्र रहेको बताउँदै उहाँले आयोगले आफ्ना काम कारबाही दूत्रगतिमा अगाडि बढाउनुपर्नेमा जोड दिए । नेपालको शैक्षिक जनशक्ति रोजगारीका लागि विदेशिने क्रम अत्यधिक भएका कारण रिक्त पदपूर्तिका लागि आयोगले छिटोछिटो परीक्षा सञ्चालन गरी उनीहरुलाई नेपालमा नै बस्ने वातावरण सिर्जना गर्नुपर्ने उनले बताए ।

नेपाली जनताले राजनीतिक परिवर्तनका लागि पटक-पटक लड्नुपर्ने अवस्था सिर्जना हुँदा देशमा राजनीतिक स्थिरता आउन नसकेकोप्रति चिन्ता व्यक्त गरे । यहाँका राजनीतिक दलहरुले मुलुकलाई कसरी राजनीतिक स्थिरतातर्फ लान सकिन्छ भन्ने तर्फ ध्यान दिन जरुरी भएको उनले बताए ।

गण्डकी प्रदेशका पूर्वमुख्यमन्त्री खगराज अधिकारीले लोक सेवा आयोगको निष्पक्षता, गोपनीयता र जनविश्वास टुट्न दिन नहुने बताए ।

लोक सेवा आयोग देशको स्थायी सरकार हो, यसले आफ्नो गरिमालाई कायमै राख्दै अझ बढी प्रभावकारिता बढाउनुपर्नेमा उनले जोड दिए ।उच्च अदालत पोखराका मुख्यन्यायाधीश राजनप्रसाद भट्टराईले आयोगले स्थापनाकालदेखि नै आफ्नो निष्पक्षता, स्वच्छता र योग्यतालाई कायमै राख्दै अगाडि बढेकोप्रति खुसी व्यक्त गर्दै अबका दिनमा पनि आयोगले आफ्नो प्रभावकारिता र जनाविश्वास कायमै राख्नुपर्नेमा जोड दिए ।

लोक सेवा आयोग गण्डकी प्रदेशका अध्यक्ष विष्णुप्रसाद नेपालको अध्यक्षतामा भएको उक्त कार्यक्रममा आयोगले गरेको आफ्ना काम कारबाहीबारे प्रकाश पारिएको थियो ।

उक्त अवसरमा आयोगद्वारा आफ्नो तेस्रो वार्षिकोत्सवमा प्रकाशित स्मारिकाको विमोचनसमेत गरिएको थियो ।

# क्रिमियास्थित दुई रूसी जहाजमाथि युक्रेनद्वारा आक्रमण

एएफपी

किएभ । क्रिमियाली क्षेत्रमा तैनाथ दुई रूसी सैन्य जहाजमाथि आइतबार राति आक्रमण गरेको युक्रेनले दाबी गरेको छ ।

सञ्चार केन्द्र र ब्ल्याक सी क्षेत्रका धेरै पूर्वाधारहरूमा सफलतापूर्वक प्रहार गरेको समुद्र, जमिन र आकाशमा आक्रमण गर्न रूसी सेनालाई सघाउने जहाज 'यामाल' र 'अजोभ' लाई आक्रमण गरेको युक्रेनी सशस्त्र बलको रणनीतिक सञ्चार केन्द्रले आइतबार जनाएको छ ।



रूसले सन् २०१४ मा कब्जा गरेको उक्त प्रायद्वीपमा शनिबार राति युक्रेनको ठूलो हवाई आक्रमणलाई आफ्नो सेनाले प्रतिकार गरेको मस्कोस्थित रूसी अधिकारीहरूले बताएका छन् ।रूसले नियुक्त गरेको सेवस्तोपोलका गभर्नर मिखाइल रज्भोझायेभले टेलिग्रामपोस्टमा लेख्नुभएको छ, "यो पछिल्लो समयको सबैभन्दा ठूलो आक्रमण हो ।"

उहाँका अनुसार आक्रमणका क्रममा ६५ वर्षीय एक पुरुषको मृत्यु भएको छ भने चार जना घाइते भएका छन् ।

उहाँले रूसी युद्धपोतमा कुनै क्षति भएको वा नभएको भन्ने बिषयमा केही बताउनुभएन । सामाजिक सञ्जालमा साझा गरिएको फुटेजमा शहरमा ठूलो विष्फोट भएको, आगोको गोला र कालो धुवाँको मुस्लो हावामा उडिरहेको र रूसी हवाई प्रतिरक्षाले भित्रिने प्रक्षेपणलाई रोकेको देखिएको छ ।

युक्रेनले युद्ध सुरु भएदेखि नै रूसको 'ब्ल्याक सी' क्षेत्रको करिब एक तिहाइ भाग नष्ट गरेको दाबी गर्दै आएको छ ।भूउपग्रहबाट प्राप्त तस्वीरमा रूसले आफ्ना अधिकांश जहाजलाई पूर्वतर्फ नोभोरोसिस्क बन्दरगाहमा सारेको देखिएको छ ।

मस्कोले हालै आफ्नो नौसेना प्रमुखलाई हटाएको छ ।युक्रेनको राजधानी किएभ र पश्चिमी क्षेत्र एल्भिभमा पनि आइतबार बिहानै रूसी हवाई आक्रमण भएको अधिकारीहरूले बताएका छन् ।युक्रेनको वायु सेनाका अनुसार रूसले आफ्नो भूमिमा २९ वटा क्रुज क्षेप्यास्त्र र २८ वटा ड्रोन प्रहार गरेको छ । उसले १८ वटा क्षेप्यास्त्र र २५ वटा ड्रोन खसालेको जनाएको छ ।

रूसले हालैका दिनहरूमा युक्रेनविरुद्ध आफ्नो हवाई आक्रमणलाई उल्लेखनीय रूपमा बढाएको छ, जुन उसको सीमावर्ती क्षेत्रहरूमा युक्रेनी आक्रमणको लहरको प्रतिशोध हो ।मस्कोले युक्रेनको ऊर्जा क्षेत्रमा युद्ध सुरु भएयताकै सबैभन्दा ठूलो हवाई आक्रमण (करिब ९० वटा क्षेप्यास्त्र र ६० वटा ड्रोन प्रहार) गरेको थियो ।

रूसले पनि किएभलाई लक्षित गरी पुनः आक्रमण सुरु गरेको छ र फेब्रुअरीको सुरुदेखि नै यस सहरमा पहिलो पटक आक्रमण गरेको छ ।युक्रेनी सैन्य प्रशासनका किएभ प्रमुख सर्गी पोप्कोले रूसले कुनै पनि हालतमा किएभलाई नष्ट गर्ने आफ्नो लक्ष्यलाई निरन्तरता दिइरहेको बताउनुभएको छ ।

# आर्मीविरुद्ध हेल्प नेपाल : घरेलु भलिबल इतिहासकै एक उत्कृष्ट फाइनल




काठमाण्डु । शनिबार राइट टु प्रोटिनहाफ म्याराथनले बिहानैदेखि दशरथ रंगशाला क्षेत्रको रौनक अर्कै थियो । हाफ म्याराथन सकिएपछि आरबीबी आठौं एनभीए राष्ट्रिय भलिबल प्रतियोगिता अन्तर्गत महिला र पुरुषतर्फ फाइनल हुँदै थियो । महिलातर्फ नेपाल पुलिस क्लब र एभरेष्ट भलिबल क्लब बुटवल बीचको फाइनलमा नै राष्ट्रिय खेलकुद परिषद् (राखेप) को कभर्डहल हाउसफुल हुन पुग्यो । ३-१ को सेटमा जित्दै एभरेष्ट च्याम्पियन बन्यो ।

कभर्डहलमा खुट्टा टिक्ने ठाउँ थिएन । तर पनि भलिबल संघले टिकट बिक्री गर्न छाडेको थिएन । दिउँसो तीन बजे टिपटप हेल्प नेपाल र त्रिभुवन आर्मी क्लबबीच फाइनल भिडन्त थियो । उक्त फाइनललाई भलिबल समर्थकले भारत र पाकिस्तान बीचको खेलको रुपमा समेत हेरेका थिए । तीन पाकिस्तानी खेलाडी उस्मान, फखारउदीन र कासिफ नविद हेल्प नेपालमा थिए । आर्मीमा नेपाली भलिबलका कप्तान मानबहादुर श्रेष्ठ, धनबहादुर श्रेष्ठ, हरि अधिकारी र दुर्गा खड्का सिनियर टोलीका खेलाडी थिए ।

फाइनल निर्धारित समयभन्दा एक घण्टा पछि सुरु भएको थियो । पहिलो सेट आर्मीले २५-२० ले जितेको थियो । हेल्प नेपालको यो अपेक्षाभन्दा खराब प्रदर्शन थियो । आर्मी सुरुवातदेखि नै फरक स्वभावमा मैदान उत्रेको थियो।अझपाकिस्तानीखेलाडीको रणनीतिविरुद्ध राम्रो होमवर्क पनि गरेको थियो । त्यसैले स्पाइक फ्रन्टलाइनबाट हान्दै लगातार अंक जोडेको थियो ।

दोस्रो सेटमा हेल्प नेपाल १४/९ ले पछि परेपछि प्रशिक्षक उत्सव खड्काले दुई पाकिस्तानी खेलाडी फखार र कासिफलाई बाहिर राख्ने निर्णय लिएका थिए । ती दुई खेलाडी विश्रामपछि फर्किंदा हेल्प नेपालले उत्कृष्ट पुनरागमन गरेको थियो । २२-२२ बराबर गर्न सफल भएको थियो । त्यसपछि प्रतिस्पर्धा उच्च भयो । खेल २५-२५ बराबरसम्म पुगेको थियो ।

त्यसपछि हेल्प नेपालले लगातार दुई अंक जोड्दै दोस्रो सेट २७-२५ ले जितेको थियो ।

तेस्रो सेटमा पनि कडा प्रतिस्पर्धा भए पनि अन्तिममा लगातार दुई अंक जोड्दै आर्मीले २५-२३ ले जितेको थियो । चौथो सेटमा आर्मी सुरुवातमा ८-० ले पछि थियो । आर्मीले उत्कृष्ट पुनरागमन गरेपछि खेल थप रोचक बन्यो । जित्नैपर्ने सेटमा हेल्प नेपालले २९-२७ मा पुगेर जितेको थियो ।

पाँचौं सेटमा त झन् उच्च प्रतिस्पर्धा भयो । पाँचौं सेट १५ मा सकिनु पर्ने थियो । कुनै पनि टोली हार मान्न तयार थिएनन् । २०-२० को बराबरी अवस्थासम्म पुगेको थियो । भलिबल फाइनल वा अन्तिम सेटमा यस किसिमको प्रतिस्पर्धा बिरलै देख्न पाइन्छ । अन्तिममा हेल्प नेपालले २२-२० ले जित्दै खेल र उपाधि जितेको थियो । हेल्प नेपालले उपाधि जित्यो अनि आर्मीले मन जित्यो ।

'खेलमा अन्तिम ३० सेकेन्डमा पनि कसले जित्छ भनेर थाहा थिएन । साँच्चिकै फाइनल जस्तो खेल भयो । उपविजेता हुँदा हामीले चित्त बुझाउनै पर्छ', आर्मीका स्पाइकर मानबहादुर श्रेष्ठले भने । त्यसैमा थपे, 'समर्थकले विश्वास गर्न सक्नु भएको छैन होला । त्यसको लागि म क्षमा माग्न चाहन्छु ।'

'पक्कै पनि घरेलु भलिबल इतिहासकै एक उत्कृष्ट फाइनल भन्न सकिन्छ । हेल्प नेपालमा तीन अन्तर्राष्ट्रिय खेलाडी हुनुहुन्थ्यो । प्रतिस्पर्धा सबैले देख्नु भयो । गत वर्ष हामीले सोझो सेटमा हारेका थियौं, मानबहादुरले भने । उनले थपे, 'आज टिमको योजना अनुसार प्रदर्शन आएको थियो । अन्तिम ३० सकेन्ड हुँदा हामीले अलिकति सम्हाल्न सकिएन । त्यसैले अलिकति गाह्रो भयो हामीलाई ।'

मौसमी परिवर्तनले मानबहादुर प्रतियोगिता सुरुदेखि नै खासै पूर्णरुपमा फिट थिएनन् । उनका अनुसार दुई पटक विरामी भएर फिट भएका थिए ।

सेमिफाइनल खेलमा शुक्रबार नेपाल पुलिस क्लबविरुद्ध पहिलो सेटमा केही समय बेन्चमा समेत बस्नु परेको थियो ।अनलाईन खबर

# जापानी सम्राट नारुहितोले जुनमा बेलायत भ्रमण गर्ने

एएफपी

टोकियो । जापानका सम्राट् नारुहितो र साम्राज्ञी मासाकोले आगामी जुन महिनाको अन्त्यतिर करिब एक साताका लागि बेलायतको भ्रमण गर्ने हुनुभएको छ ।



बेलायती राजा चार्ल्स तृतीयले 'आफू पनि क्यान्सरसँग लडिरहेको' बताएको केही सातापछि वेल्सकी राजकुमारी क्याथरिनलाई क्यान्सर भएको शुक्रबार खबर सार्वजनिक भएको थियो ।

सन् २०२२ को सेप्टेम्बरमा महारानी एलिजाबेथ द्वितीयाको राजकीय अन्त्येष्टिमा भाग लिन बेलायत गएका जापानी शाही दम्पतीको त्यसपछिको यो पहिलो बेलायत भ्रमण हो ।राजा चार्ल्सको गद्दी आरोहणपछि यो उनीहरूको दोस्रो अन्तर्राष्ट्रिय सद्भावना भ्रमण हो । उनीहरूले गत वर्ष इन्डोनेसियाको भ्रमण गरेका थिए ।

'योमिउरी शिम्बुन' पत्रिकाका अनुसार दुवै देशका सरकारले राजाको उपचार तालिकामा ध्यान दिएर भ्रमणको योजना बनाइरहेका छन् ।जिजी प्रेसले पनि भ्रमणको कार्यतालिका 'सावधानीपूर्वक' मिलाइएको जनाएको छाजापानी शाही दम्पतीले राजकीय अतिथिका रूपमा बेलायतको भ्रमण गर्नुका साथै लण्डनको बकिङ्घम प्यालेसमा आयोजना हुने स्वागत समारोह तथा भोजमा सहभागी हुनुहुनेछ ।

उनीहरूले विभिन्न समयमा अध्ययन गरेका अक्सफोर्ड विश्वविद्यालयको भ्रमण पनि जापानी सम्राट्को भ्रमण तालिकामा रहने कार्यक्रम रहेको छ ।

भ्रमणका क्रममा जापानी राष्ट्राध्यक्ष नारुहितो र साम्राज्ञी मासाकोले बेलायती प्रधानमन्त्री ऋषि सुनक र उहाँकी पत्नीसँग भेटवार्ता गर्नुहुने र मध्यान्नको भोजमा सरिक हुने बताइएको छ ।

# गाजा युद्धविराम वार्तापछि सिआइए र मोसाद प्रमुखहरूले छाडे कतार



एएफपी

दोहा । अमेरिकी गुप्तचर प्रमुख बिल बर्न्स र उहाँका इजराइली समकक्षी डेभिड बर्नियाले गाजा युद्धविराम र बन्धक रिहाइ सम्झौताको वार्तापछि शनिबार राति कतार छाड्नुभएको वार्ताबारे जानकारी दिने एक स्रोतले बताएको छ ।

"सिआइए र मोसाद प्रमुखहरू आफ्ना सम्बन्धित टोलीलाई पछिल्लो चरणको वार्ताका बारेमा जानकारी गराउन दोहाबाट प्रस्थान गर्नुभएको छ", वार्ताको संवेदनशीलताका कारण नाम उल्लेख नगर्ने सर्तमा स्रोतले भनेको छ, "वार्ता बन्धक र कैदीहरूको आदान प्रदानको विवरण र अनुपातमा केन्द्रीत थियो, प्राविधिक टोलीहरू दोहामै रहने छन् ।"

अमेरिका, कतार र इजिप्टका मध्यस्थकर्ताहरू इजराइल र हमासबीच दोस्रो युद्धविराम सुनिश्चित गर्न र इजराइली कारागारमा रहेका प्यालेस्टिनी कैदीहरूको बदलामा हमासले कब्जामा लिएका बन्धकहरूलाई रिहा गर्ने प्रयासमा धेरै सातादेखि पर्दापछाडिको वार्तामा संलग्न छन् ।

गत साता मुस्लिमहरूको पवित्र महिना रमजान सुरु हुनुअघि युद्धविराम सुनिश्चित गर्ने प्रयास असफल भएपछि पुनः वार्ता सुरु भएको एक सातापछि इजराइलले आफ्नो जासुसी एजेन्सी प्रमुखको एक सातामा दोस्रो भ्रमणका लागि दोहा फर्किने शुक्रबार बताएको थियो ।

अक्टोबर ७ मा इजराइलमाथि आक्रमणका क्रममा हमासले करिब दुई सय ५० इजराइली र विदेशी बन्धकलाई कब्जामा लिएको थियो तर नोभेम्बरमा एक साताको युद्धविराममा दर्जनौँलाई रिहा गरिएको थियो । इजराइलका अनुसार गाजामा करिब एक ३० जना बन्धक रहेका छन् ।

तिनमा आठ सैनिक र २५ सर्वसाधारण गरी कूल ३३ जनाको मृत्यु भएको विश्वास गरिएको छ ।

# अफ्रिकामा क्षयरोग अन्त्यका लागि डब्ल्यूएचओको आह्वान

सिन्ह्वा

नैरोबी । सन् २०३० सम्ममा क्षयरोग उन्मूलन गर्ने लक्ष्य हासिल गर्न अफ्रिकी देशहरूले हातेमालो गर्दै उच्च प्रभावयुक्त लगानीद्वारा हस्तक्षेप गर्नुपर्ने विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले बताएको छ । आइतबार विश्व क्षयरोग दिवस हो । यस वर्षको विश्व क्षयरोग दिवसको नारा ' हामी क्षयरोगको अन्त्य गर्न सक्छौं' भन्ने रहेको छ ।



सरकार, उद्योग र दातृ साझेदारहरूले नयाँ निदान, खोप र उपचारमालगानीगरेपछिअफ्रिकामा क्षयरोगको उच्च बोझलाई उल्लेखनीय रूपमा कम गर्न सम्भव हुने डब्लुएचओका अफ्रिका क्षेत्रीय निर्देशक मात्शिडिसो मोएतीले बताउनुभयो ।

"अफ्रिकामा एचआईभी र एड्सको सङ्ख्यालाई उछिन्दै क्षयरोग एउटा मात्र सङ्क्रामक एजेन्टबाट हुने मृत्युको दोस्रो प्रमुख कारण बनेको छ," उहाँले भन्नुभयो ।

"सन् २०२२ मा अफ्रिकी महाद्वीपमा लगभग २५ लाख व्यक्तिहरू यो रोगको सङ्क्रमणको चपेटामा परेका थिए, जुन प्रत्येक १३ सेकेन्डमा एक व्यक्ति बराबर हो", केन्याको राजधानी नैरोबीबाट जारी विज्ञप्तिमा मोएतीले भन्नुभयो, "सन् २०२२ मा क्षयरोगका कारण मृत्यु हुनेको सङ्ख्या चार लाख २४ हजार पुगेको छ र यसका कारण क्षयरोग रोकथाम र उपचार गर्न सकिने अवस्थामा पनि हरेक मिनेटमा एक जनाको मृत्यु भएको छ ।"

यी तथ्याङ्कहरूले जारी क्षयरोग महामारीलाई सम्बोधन गर्न हाम्रो सामूहिक कार्यको तात्कालिकतालाई जोड दिन्छ र यसलाई अन्त्य गर्न निरन्तर प्रयासको आवश्यकतालाई उजागर गर्दछ ।"डब्ल्यूएचओको अफ्रिकी क्षेत्रले अफ्रिकी टीबी स्कोरकार्ड, अत्यधिक सङ्क्रामक फोक्सो रोगलाई उन्मूलन गर्ने दिशामा प्रगतिलाई गति दिन रणनीतिक दिशा र निगरानी उपकरणहरू प्रदान गरेको छ ।प्रदूषण, अत्यधिक भीडभाड र गरिबीले निम्त्याएको ब्याक्टेरियाबाट सर्ने यो रोग उन्मूलन गर्न सचेतना अभियानलाई पुनर्जीवित गर्ने लक्ष्य राखिएको छ ।

प्रभावकारी क्षयरोग नियन्त्रण, द्रुत निदानमा सहज पहुँच र क्षेत्रीय सहयोगबारे ज्ञान र सर्वोत्तम अभ्यासहरू आदानप्रदान गर्नु अफ्रिकामा अब यो रोग सार्वजनिक स्वास्थ्य खतरा नभएको सुनिश्चित गर्न महत्वपूर्ण हुने मोएतीले बताउनुभयो ।

उहाँले अफ्रिकामा क्षयरोगविरुद्धको लडाईंमा उल्लेखनीय प्रगतिको प्रशंसा गर्दै भन्नुभयो, "अफ्रिकामा सन् २०१५ देखि २०२२ को बीचमा मृत्युदरमा ३८ प्रतिशत कमी आएको थियो भने उक्त महाद्वीपमा सोही अवधिमा नयाँ केसहरूमा २३ प्रतिशतले कमी आएको थियो ।" अफ्रिकामा क्षयरोग उन्मूलनका लागि बहुऔषधि मल्टिड्रग प्रतिरोधी क्षयरोग, तीव्र निगरानी, पर्याप्त कोष, अनुसन्धान, सामुदायिक संलग्नता र स्वास्थ्य प्रणालीको सुदृढीकरणमा कदम चाल्नु महत्वपूर्ण हुने उहाँको धारणा रहेको छ ।

।। हार्दिक समवेदना ।।



स्व. रामचन्द्र साह

मेरा प्रिय मित्र पंकज कुमार महतोका प्रातः स्मरणीय पिता **रामचन्द्र साह**को मिति २०८०/१२/१ गते विहीवारका दिन देहावसान भएको खबरले म अत्यन्त मर्माहत भएका छु ।असिम शोकको घडीमा दिवंगत आत्माको चीरशान्तिको कामनागर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछु ।

संजीव कुमार साह
सबैला न.पा. ३, धनुषा
हाल : जनकपुरधाम उ.म.न.पा.-४, कदम चौक, धनुषा

।। हार्दिक श्रद्धाञ्जली ।।




स्व. रामचन्द्र साह

पंकज हार्डवेयरका संचालक पंकज कुमार महतोको प्रातः स्मरणीय पिता **रामचन्द्र साह**को मिति २०८०/१२/१ गते विहीवारका दिन देहावसान भएको खबरले हामी अत्यन्त मर्माहत भएका छौ ।असिम शोकको घडीमा दिवंगत आत्माको चीरशान्तिको कामनागर्दै शोकाकुल परिवारजनमा हार्दिका समवेदना प्रकट गर्दछौ ।

सम्पूर्ण हार्डवेयर व्यवसायी
जनकपुरधाम

# ‘सीप र जाँगर भए कसैसँग हात फिँजाउन पर्दैन’



**सल्लेरी ।** ‘सीप र जाँगर भए कसैसँग हात फिँजाउन पर्दैन’ नेपाली यस भनाइलाई सोलुखुम्बुको नेचासल्यान गाउँपालिका-२ का एक युवाले सावित गरिदिएका छन् । नेपालमा गरिखाने बाटो छैन भन्दै दैनिक एक हजार पाँच सयभन्दा बढी नेपालीहरु हातमा राहदानी बोकेर विदेशिने गर्छन् । मासिक रू ४०/५० हजार कमाउन र गुजारा चलाउनकै लागि खाडीको यात्रा तय गर्ने युवा जनशक्तिको कमी छैन यहाँ ।

जिल्ला प्रशासन कार्यालय सोलुखुम्बुमा राहदानी बनाउन पुग्ने दैनिक करिब ४० युवामध्ये झण्डै ८० प्रतिशत जतिले रोजगारका लागि खाडीमा जाने योजना सुनाउँछन् । उनीहरु भन्छन् “स्वदेशमा न त कुनै जागिर नै छ न नै । अनि विदेश नहानिएर के गर्नु ? यहाँ बसेर कामै छैन् ।” तर जिल्लाको नेचासल्यान गाउँपालिका-२ का वियश राईले भने नेपाल प्रहरी नायब निरीक्षकको जागिर छोडेर गाउँमै सुरु गरेको दुग्ध व्यवसायबाट मनग्य आम्दानी गर्न सफल हुनुभएको छ ।

उहाँले सुरु गर्नुभएको उद्यमबाट आफू मात्रै स्वरोजगार हुनुभएको छैन, गाउँका अन्य थुप्रै युवालाई समेत प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा रोजगार सिर्जना गर्नुभएको छ । बिहानदेखि बेलुकासम्म निरन्तर आफनो व्यवसायमा व्यस्त रहने बेफुर्सदिला व्यक्ति हुनुहुन्छ राई । बिहान सबेरै उठेर दूध सङ्कलनका भाँडाकुँडा हातमा बोकेर कहिले आफ्नै गाउँटोल त कहिले छिमेकी गाउँका कृषकहरुको घरदैलोमा पुग्नुहुन्छ उहाँ । राईले डेरी व्यवसाय तथा दुग्धजन्य परिकारहरुको बिक्रीबाट कमाएर नै परिवार पाल्ने, छोराछोरीलाई पढाउने साथै स्थानीय ब्यक्तिहरुलाई समेत रोजगार दिदैं आउनुभएको छ ।

विसं २०७९ को स्थानीय निर्वाचनमा प्रहरी नायब निरीक्षक पदबाट राजीनामा दिएर वडाध्यक्षको पदमा नेचासल्यान गाउँपालिका-२ बाट उम्मेद्वारी दर्ता गराएका उहाँ निर्वाचनमा पराजित भएपछि आफ्नै गाउँमा केही व्यवसाय सञ्चालन गर्ने र अन्य युवालाई समेत प्रेरणा दिने सोच आफूमा पैदा भएको उहाँ सुनाउनुहुन्छ । राइले भन्नुभयो, “गाउँघरमा रोजगारको बाटो छैन भन्ने र मासिक रू ४०/५० हजार कमाइ गर्नकै लागि खाडी जाने युवाहरुको जमात असाध्यै धेरै देखेँ, म आफू त प्रहरीको छोडेर गाउँ होमिएको व्यक्ति हुँ तर गाउँका युवाको विदेश पलायनले मन छोयो र गाउँमै केही गर्न सकिन्छ भन्ने उदाहरण पेस गर्न पनि मैले यो उद्यम सुरु गरेँ ।” उहाँले २०७९ मङ्सिरबाट कोठा भाडामा लिइ दूध सङ्कलन गरी दूध र दही बिक्री गर्न थाल्नुभयो । व्यवसायलाई क्रमिक रुपमा विस्तार गर्ने उद्देश्यका अघि बढेका राईले ज्ञान तथा सीपको आवश्यकता महशुस गरी आफ्नै लगानीमा इलाममा गई दुग्ध तालिम लिनुभयो ।

उहाँको लगनशीलता र मेहनत देखेर व्यवसाय विस्तारका लागि गाउँपालिकाले रु दुई लाख आर्थिक सहयोग गरेको भएता पनि पर्याप्त भने थिएन । यसै क्रममा उहाँले गाउँपालिकामार्फत जिआइजेड नेपालअन्तर्गत रिप-ग्रिन कार्यक्रमले डेरी तालिम सञ्चालन गर्न लागेको कुरा थाहा पाउनुभयो र उहाँ गाउँपालिकाको सिफारिसमा तालिमका लागि छनोट पनि हुनुभयो । उहाँ २०८० बैशाख ५ गतेदेखि १० गतेसम्म सो कार्यक्रमले इलाममा सञ्चालन गरेको डेरी उत्पादन सीप विकाससम्बन्धी तालिममा सहभागी हुनुभयो । तालिममा देशभरबाट जम्मा भएका नव उद्यमी, सिकेका ज्ञान, सीपले उहाँलाई थप व्यावसायिक बन्ने ऊर्जा मिल्यो ।

तालिमपश्चात परिश्रम नै सबैभन्दा ठूलो हो र यसले नै मानिसलाई स्वावलम्बी बनाउँछ भन्ने पूर्ण विश्वासको साथ थप सशक्त भई उहाँले यसलाई नै मुख्य पेशाको रूपमा अँगाल्न सुरु गर्नुभयो । उहाँले व्यवसाय समेत दर्ता गरी दूधबाट बन्ने दही, पनीर, घीउ, खुवा र आइसक्रिमजस्ता परिकारहरु नेचासल्यान गाउँपालिका साथै सदरमुकाम सल्लेरीबजारमा समेत बिक्री गर्न थाल्नुभयो ।

तालिमपश्चात् उहाँको आत्मविश्वास पनि बढ्यो, दूधका परिकारहरु उत्पादन गरी व्यवसायलाई बिस्तार पनि गर्नुभयो । व्यवसाय सञ्चालनका लागि अहिले छ जनालाई रोजगार पनि दिरहनुभएको छ । उहाँको व्यवसायलाई चाहिने दूध बिक्रीबाट गाउँका करिव ६० घर कृषकहरु अप्रत्यक्षरुपमा लाभान्वित बनेका छन् । व्यवसायबाट मासिक चार लाख रुपैयाँभन्दा बढी कारोवार भइरहेको अनुमान उहाँको छ । यही आम्दानीबाट छोराछोरीको पढाइ, औषधोपचार खर्च गरेर बचेको पैसाले भाडामा लिएको जग्गामा घर निर्माण गरी भैंसीपालन व्यवसाय विस्तार गर्नुभएको छ ।

व्यवसायलाई अझ दिगो र विस्तारितरुपमा सञ्चालन गर्न आफ्नै लगानीमा कृषि तथा भैंसीफार्म सुरु गरेको उहाँको भनाइ छ । चार माउभैंसीबाट सुरु गरिएको फार्ममा २० माउभैंसी बनाउने योजनाका साथ आफू अघि बढेको राईले बताउनुभयो । गाउँघर र छिमेकीहरुलाई समेत पशुपालन र दूध उत्पादनमा उहाँले प्रोत्साहन गर्दै आउनुभएको छ ।

सदरमुकाम सल्लेरीमा मात्रै दैनिक सात सय लिटरभन्दा बढीको दूध खपत हुन्छ भने नेचासल्यानमा दैनिक १०० लिटरसम्म दूध खपत हुने गरेको उद्यमी राईको भनाइ छ । जिल्लामा व्यावसायिक पशुपालन र दूध उत्पादन फस्टाउन नसक्दा डेरी व्यवसाय सञ्चालनमा चुनौती थपिएको उहाँले बताउनुभयो । “जिल्लाका किसानहरुले परम्परागत ढङ्गबाट बस्तुभाउ पाल्दै आएका छन्, व्यावसायिक दूध उत्पादनको अवधारणा अझै विकास हुन सकेका छैन, युवाहरु जति सबै खाडीमा छन्, यहाँ गाईभैंसी पाल्ने जनशक्ति पर्याप्त छैन” राईले भन्नुभयो ।

जिल्ला सदरमुकामदेखि गाउँघरसम्ममा दूध मात्र नभई दुग्धजन्य परिकारको माग र खपत उच्च रहेको छ । दूध, दही, मही, पनिर, खुवा, दूधबाट बन्ने मिठाइहरु धेरै माग रहेको उहाँले बताउनुभयो । उत्पादित वस्तुहरुलाई सहज बिक्री वितरणका लागि काठमाडौंका बजारहरु तथा अन्तरराष्ट्रिय बजारहरुसँग समेत समन्वय गरिरहेको राई बताउनुहुन्छ ।

व्यवसायप्रतिको जिम्मेवारी तथा दिगो व्यवसायका लागि व्यक्तिमा ज्ञान तथा सीपको आवश्यकता हुन्छ भन्ने राम्ररी बुझ्नुभएका राई यस्ता तालिमहरु खर्च गरेर भए पनि लिन छुटाउनु हुन्न । रिपग्रीन कार्यक्रमद्वारा सञ्चालित तालिमपछि उहाँले विभिन्न वस्तुहरु उत्पादन गरी थप आम्दानी बढाउन सफल हुनुभएको हो । सीप र काम गर्ने जाँगर भए स्वदेशमै केही गर्न सकिन्छ, घर व्यवहार सम्हालन सक्ने र आफ्नो आवश्यकता टार्न कसैसँग हात फिँजाएर माग्न नपर्ने उहाँको तर्क छ ।रासस

# काम पाउन छोडेपछि जीविकोपार्जनमा समस्या



**ललितपुर ।** ललितपुर महानगरपालिका-५ महालक्ष्मीस्थान चोक वर्षौं पहिलेदेखि कामदार पाइने ठाउँको रुपमा परिचित छ । दैनिक मजदुरी गरेर जीविकोपार्जन गर्नेहरु यतिबेला महालक्ष्मीस्थान चोकमा कामको प्रतिक्षामा बसिरहेका भेटिन्छन् ।

दैनिक करिब दुई सय कामदार कामको खोजीमा उक्त चोकमा बसिरहेका भेटिन्छन् । कामको खोजीमा निस्केका उनीहरुलाई पहिलेको जस्तो काम नपाएपछि जीविका कसरी चलाउने भन्ने चिन्ताले हिजोआज पिरोल्न थालेको छ ।

महालक्ष्मी चोकमा कामको खोजीमा बसेका उनीहरु मोटरसाइक रोकेका व्यक्तिलाई “कामदार चाहिएको हो सर ?” भनेर सोध्छन् । काम पाउने वित्तिकै काम गर्न को जाने भन्ने विषयमा हानथाप हुन्छ । दिनभरी कामको पर्खाइमा रहेका उनीहरु बिहान ७ बजेदेखि राति १२ बजेसम्म बस्छन् । काम नपाएपछि निराश भएर कोठा फर्किन्छन् ।

महोत्तरीको बर्दिवास घर भएका ३८ वर्षीय पवन दासले महालक्ष्मीस्थान चोकमा काम खोजेर मजदुरी गर्न थालेका २३ वर्ष भएको बताउनुभयो । पहिलेको जस्तो काम पाउन छोडेको भन्दै उहाँले अब कसरी जीविकोपार्जन गर्ने भन्ने चिन्ताले पिरोल्न थालेको बताउनुभयो ।

“कोरोना महामारीपछि काम पाउँनै छोडेको छ । पाए पनि धेरै कम पाइन्छ ।

कोठाभाडा तिर्न र परिवारको खर्च धान्न समेत समस्या भइरहेको छ ।”

भोजपुर जिल्ला तिवारी भञ्ज्याङ गाउँपालिका घर भएका ४९ वर्षीय मोहन कार्कीले उक्त चोकमा काम खोज्न थालेको १८ वर्ष बित्यो । अहिले काम पाउन छोडेपछि कसरी दैनिकी चलाउने भन्ने चिन्ता लाग्ने थालेको उहाँको भनाइ छ । कामदारको भीडमा काम खोजिरहेका कार्कीले काम नपाएको दुःखेसो पोख्नुभयो । “कोभिड अघि काम पाउँथ्यो । सबै परिवार काठमाडौंमा बस्थियौं । अहिले काम नपाएपछि परिवारलाई गाउँ पठाएको छु । मजदुरी गरेर कमाएको पैसा गाउँ पठाउँछु । अहिले काम नपाएपछि गाउँ पठाउने पैसा पनि छैन”, उहाँले भन्नुभयो ।

कामको खोजीमा रहेका कामदारको ठेकदारले पैसा ठगेको गुनासो गरेका छन् । उनीहरु भन्छन्, “ठेकदारले हामीलाई काम लगाउँछ । महिनादिन काम गरेको ज्याला कुनै ठेकदारले दिदैंनन् । साहुबाट रकम लिएर आफूले खर्च गर्छन्, हामीलाई दिन्छु भन्दै ठगिदिन्छ । हामी बोल्न सक्दैनौं, यसरी हाम्रो परिश्रम खेर जान्छ ।” सप्तरीको लहान घर भएका ४० वर्षीय हरि मण्डल महालक्ष्मी चोकमा काम खोज्न लागेको २५ वर्ष भएको बताउँछन् । उहाँले २५ वर्षसम्म आफूले परिश्रम गरेको पैसा धेरैले ठगेको दुःखेसो गर्नुभयो । अहिले पहिलाको जस्तो काम नपाइएको उहाँले अनुभव सुनाउनुभयो ।

> गोरखाका ५५ वर्षीय रामबहादुर विकको यस चोकमा काम खोज्न लागेको २० वर्ष भएको छ । काम खोज्दाखोज्दैं दिन बितेपछि बेलुकापख कोठामा गएर कसरी जीविका चलाउने भन्ने चिन्ता लाग्ने गरेको उहाँले बताउनुभयो ।

गोरखाका ५५ वर्षीय रामबहादुर विकको यस चोकमा काम खोज्न लागेको २० वर्ष भएको छ । काम खोज्दाखोज्दैं दिन बितेपछि बेलुकापख कोठामा गएर कसरी जीविका चलाउने भन्ने चिन्ता लाग्ने गरेको उहाँले बताउनुभयो । “कोठा भाडा नतिरेको धेरै भइसक्यो ।

कामदार खोज्नको लागि मान्छे आउँदैनन् । हामी दिनभरी कामको खोजीमा बस्छौं”, उहाँले भन्नुभयो । ललितपुरकोमहालक्ष्मीस्थानचोकमाकामकोखोजीमा बसेका अरु मजदुरहरुको पनि पीर एउटै छ । “काम नपाएपछि कसरी जीविकोपार्जन गर्ने ? कसरी कोठा भाडा तिर्ने ? चोकमा बसेर दिनभरी काम खोज्नेमा देशका विभिन्न जिल्लाका युवादेखि ६० वर्ष उमेर समूहका भेटिन्छन् ।रासस

# बदाम बेचेर नमुना उद्यमी बन्नुभएकी ७२ वर्षीया शिवमाया



**भोजपुर ।** बहत्तर वर्षको उमेरमा गाउँघरका हटियामा पुग्नु भोजपुरकी शिवमाया कार्कीको दैनिकीजस्तो बनेको छ । घरमा आराम गरेर बस्नुपर्ने उमेरमा उहाँ हाटबजारमा बदाम बेच्न पुग्नुहुन्छ । बदामको व्यापार गरेर महिनामा रु १५ देखि २० हजारसम्म आम्दानी गर्दै आएको उहाँ बताउनुहुन्छ । पैतालीस वर्षअघिदेखि बदामको व्यापार थाल्नुभएकी उहाँ अहिले पनि बदाम उत्पादन हुने ठाउँमा उत्तिकै उत्साहका साथ व्यापार गर्न जानुहुन्छ ।

“आफूले सकेको काम गर्नुपर्छ”, वृद्धा कार्कीले भन्नुभयो, “धेरै वर्षअघिदेखि गरिरहेको काम भएकाले अहिले पनि त्यसलाई निरन्तरता दिँदा रमाइलो लाग्छ । गाउँगाउँमा पुगेर बदाम खरिद गरी ल्याएर यहाँका हाटमा बेच्छु । बदाम बिक्रीबाट महिनामा रु १५ देअि २० हजारसम्म आम्दानी हुन्छ ।” जिल्लाको बदाम उत्पादन हुने अरुण गाउँपालिकाको जरायोटार, सिमटार, पाल्पालेलगायत ठाउँमा पुगेर खरिद गर्ने उहाँले बताउनुभयो । किसानले उत्पादन गरेको बदाम प्रतिपाथी रु तीन सयमा खरिद गर्दै आएको उहाँले बताउनुभयो । आफूले खरिदपश्चात भुटेर प्रतिकेजी रु तीन सय ५० मा बिक्री गर्ने उहाँले जानकारी दिनुभयो । “बदाम बिक्रीबाट आफ्नो दैनिक खर्च जुटाउदै आएकी छु, दुई-चार पैसा नातिनातिनालाई दिन पनि हुन्छ”, उहाँले भन्नुभयो ।

किसानबाट एक वर्षमा रु चार लाखसम्मको बदाम खरिद गर्ने उहाँले बताउनुभयो । भोजपुरको शनिबारे हटिया, पौवादुङमा गाउँपालिका च्याङ्गेको बुधबारे हटिया, चम्पे हटियालगायत स्थानमा पुगेर उहाँले बदाम बेच्दै आउनुभएको छ । वृद्धावस्थामा व्यापार गर्न समस्या हुने भए पनि यसलाई छोड्न मन नलाग्ने भन्दै उहाँले हातखुट्टा चलुञ्जेलसम्म काम गरेर नै खाने दृढता व्यक्त गर्नुभयो ।

विगतमा धेरै स्थानीयस्तर उत्पादन भएको बदाम पाउने गरेको भए पनि पछिल्लो समयमा यसको खेती घट्दै गएको उहाँको अनुभव छ । “विगतमा भोजपुरमा प्रशस्त मात्रामा बदाम उत्पादन हुन्थ्यो”, उहाँले भन्नुभयो, “अहिले गाउँघरमा कमैले मात्र खेती गरेको पाइन्छ । स्थानीय सरकारले बदाम खेती प्रवर्द्धन गर्नुपर्छ ।”

गाउँका अधिकांशले बदाम खेती छाड्दै गएका भए पनि आफूले वार्षिक ४० देखि ४५ मुरीसम्म बदाम उत्पादन गर्दै आएको अरुण गाउँपालिका-६ का ६८ वर्षीय किसान अम्बरबहादुर राईले बताउनुभयो । पछिल्लो समय बदामको स्थानीय रैथाने बीउ मासिदै गएको उहाँले बताउनुभयो । “बदामखेती व्यावसायिक बन्न सकेको छैन”, उहाँले भन्नुभयो, “व्यावसायिक बन्न नसक्दा पछिल्लो समय खेती घट्दै गएको छ । म एक वर्षमा ४५ मुरीसम्म बदाम फलाउँछु । सडक विस्तारका कारण विगतजस्तो बजारीकरणको समस्या छैन तर धेरै किसानले यसको खेती छाड्दै गएकाले उत्पादन घटेको छ ।” बगर क्षेत्रमा बदाम खेती उपयुक्त भएको उल्लेख गर्दै किसान राईले भन्नुभयो ।रासस

# तल्लो सेतीका लागि जग्गा प्राप्त गर्न स्वीकृति

**दमौली ।** एक सय ४० मेगावाट क्षमताको तनहुँ जलविद्युत् आयोजना निर्माण गरिरहेको तनहुँ हाइड्रोपावर लिमिटेडले निर्माण गर्न लागेको एक सय २६ मेगावाटको तल्लो सेती आयोजनाका लागि जग्गा प्राप्त गर्न सरकारले स्वीकृति प्रदान गरेको छ ।

सरकारले आयोजनाका लागि तनहुँमा करिब पाँच सय ७७ र चितवनमा करिब ३२ रोपनी जग्गा प्राप्त गर्न स्वीकृति दिएको हो । केही दिन अगाडि बसेको मन्त्रिपरिषद्को बैठकले जग्गा प्राप्त गर्न स्वीकृति दिएको तनहुँ हाइड्रोपावर लिमिटेडका प्रबन्ध सञ्चालक किरणकुमार श्रेष्ठले राससलाई जानकारी दिनुभयो । लिमिडेटले ऊर्जा मन्त्रालयमार्फत मन्त्रिपरिषद्मा उक्त प्रस्ताव गरेको थियो । सरकारले जग्गा प्राप्तका लागि स्वीकृति प्रदान गरेसँगै आयोजनाका लागि जग्गा अधिग्रहणको काम अगाडि बढाउन सहयोग पुग्ने श्रेष्ठले बताउनुभयो ।

उहाँले भन्नुभयो, “विविध कारणबस जग्गा प्राप्त गर्नका लागि स्वीकृति पाउन ढिलाइ भइरहेको थियो, सरकारको निर्णयसँगै अब जग्गा अधिग्रहणको कामलाई अगाडि बढाइनेछ ।”आयोजनाका प्रमुख श्यामजी भण्डारीले अब प्रारम्भिक अधिकृत तोकेर काम अगाडि बढाइने जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “सरकारको निर्णयसँगै जलाशय क्षेत्रका लागि आवश्यक जग्गा अधिग्रहणको काम अगाडि बढाउन सहयोग पुग्नेछ ।”

तल्लो सेतीको अडिट सुरुङ निर्माणका लागि हालैमात्र सम्झौता भएको छ । तल्लो सेती जलविद्युत् आयोजनाको तीन सय ७५ मिटर लामो अनुसन्धानात्मक अडिट सुरुङ निर्माणका लागि आरके इञ्जिनियरिङ एण्ड एशोसिएटससँग खरिद सम्झौतामा सम्झौता गरिएको छ ।आयोजनाका लागि भौगर्भिक अवस्था परीक्षणका लागि अनुसन्धनात्मक अडिट सुरुङ निर्माण गर्न लागिएको भण्डारीको भनाइ छ । अनुसन्धानका लागि निर्माण गरिने उक्त सुरुङपछि अन्य कामका लागि प्रयोगमा आउने भण्डारीको भनाइ छ । डेढ वर्षभित्र उक्त सुरुङ निर्माण गरिसक्ने भण्डारीले बताउनुभयो ।

तल्लो सेती जलविद्युत् आयोजनामा जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) र एशियाली विकास बैंक (एडिबी) ले लगानीका लागि चासो दिएको छ । “दुवै दाताहरु यसका लागि सकारात्मक छन्”, भण्डारीले भन्नुभयो । उक्त आयोजनाको लागत रु २५ अर्ब अनुमान गरिएको छ । तनहुँ जलविद्युत् आयोजनाको एक सय ४० मिटर अग्लो कङ्क्रिट बाँधबाट प्राप्त हुने सेती नदीको रेगुलेटेड प्रवाह तथा मादी नदीको थप प्रवाहसमेत प्रयोग गर्न तल्लो तटीय क्षेत्रमा तल्लो सेती जलविद्युत् आयोजना निर्माण गर्न लागिएको हो ।

तल्लो सेती जलविद्युत् आयोजना निर्माणका लागि विस्तृत अध्ययन सकिएको छ । आयोजनाले विज्ञ समूह नियुक्त गरी काम अगाडि बढाएको थियो । परामर्शदाताले पेस गरेको विस्तृत परियोजना प्रतिवेदन पुनरावलोकनका लागि नियुक्त तीन सदस्यीय अन्तर्राष्ट्रिय विज्ञ समूहले विसं २०७८ असार २३ गते प्रतिवेदन बुझाइसकेको छ ।

कम्पनीले आयोजनाको विद्युत् उत्पादनको सर्वेक्षण अनुमति प्राप्त गरिसकेको छ । साथै दातृ निकाय एडिबीबाट प्राप्त करिब तीन दशमलव पाँच मिलियन अमेरिकी डलर अनुदान सहयोगबाट आयोजनाको विस्तृत इञ्जिनियरिङ डिजाइन तथा बोलपत्रसम्बन्धी काजजात तयार गर्ने परामर्श सेवा खरिदका लागि वाप्कोस भारत/निप्पन कोई जापान जेभीसँग विसं २०७५ चैत २९ गते खरिद सम्झौता भएको थियो ।

आयोजनाअन्तर्गत बन्दीपुर गाउँपालिका-६ र देवघाट गाउँपालिका-३ साराङघाट नजिकै रहेको सेती नदीमा ३२ मिटर अग्लो बाँध निर्माण गरिनेछ । पानीको प्रवाहलाई देवघाट गाउँपालिका-३ र ४ हुँदै छ दशमलव आठ किलोमिटर लामो सुरुङमार्फत सेती नदीको सङ्गमदेखि करिब पाँच सय मिटर तल्लो तटीय क्षेत्रमा पर्ने देवघाटस्थित कालीगण्डकी नदीको दायाँ किनारमा बन्ने अर्ध भूमिगत विद्युत्गृहमा खसाली विद्युत् उत्पादन गर्ने योजना बनाइएको छ । आयोजनाबाट बन्दीपुर-६, व्यास-१३ र १४, देवघाट-२, ३ र ४, ऋषिङ गाउँपालिका-१ र ३, आँबुखैरेनी-५ र ६ तथा भरतपुर महानगरपालिका-२ ९ का केही भाग प्रभावित हुनेछ ।

देवघाट वडा नं ४ गाईघाटमा अर्धभूमिगत विद्युत्गृहको निर्माण गरी विद्युत् उत्पादन गरिने छ । उत्पादित विद्युत्लाई तनहुँ जलविद्युत् आयोजनाले निर्माण गरेको २२० केभी दमौली-नयाँ भरतपुर प्रसारण लाइनमा जोडी राष्ट्रिय विद्युत् प्रणालीमा समाहित गरिनेछ । यसका लागि करिब दुई किमी प्रसारण लाइनको निर्माण गर्नुपर्छ । अर्धजलाशययुक्त तल्लो सेती आयोजनाको करिब १२ किमी लामो जलाशय माथिल्लो तटीय क्षेत्र अर्थात् बाँधस्थलबाट सुँडेगाउँसम्म विस्तार हुनेछ । आयोजनाबाट वार्षिकरुपमा ५२ करोड युनिट विद्युत् उत्पादन हुने जनाइएको छ ।रासस


## जनक हजारी विद्यापीठ (क्याम्पस)

जनकपुरधाम-८

## गोप्य सिलबन्दी बोलपत्र सम्बन्धी ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति २०८०/१२/१२

यस जनक हजारी विद्यापीठ अन्तर्गत पसल कवल (सटर) कोठा नम्बर ४,६,७,८,९,१५,१६,१७ नम्बरको भाडामा लिन चाहने इच्छुक व्यक्ति/संस्थाले प्रतिकोठा मासिक रु.४०००।- (चार हजार) मा नघटाई प्रतिकोठा दरले सबै भन्दा बढी सटर भाडा स्वीकार्ने व्यक्ति/संस्थालाई कोठा उपलब्ध गराइनेछ । तपसिल बमोजिमका शर्तहरुमा तोकिएको समयमा आईपुग्ने गरी सिलबन्दी बोलपत्र आव्हान गरिन्छ । रित नपुगी आएको बोलपत्र माथि कुनै कार्यावाही हुने छैन ।

**तपसिल**

**शर्तहरुः-**

१. फारम दस्तुर रु ५००।- (फिर्ता नहुने गरी)
२. निवेदन साथै नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपी र आफुले गर्न चाहको व्यापार खुलाउनु पर्ने ।
३. टेण्डर स्वीकृत भई सकार गरेको अङ्कको ३ महिनाको हुने भाडा वापतको रकम रा.बा.बैंक पिडारी चौक शाखामा रहेको ज.ह.वि.पी को चल्ती खाता नम्बर १५२०१००००२४३००१ मा जम्मा गरेको सक्कल बैंक भाउचर पेश गर्नुपर्ने छ ।
४. बत्ती, पानीको महशुल र मर्मत वापत लागेको खर्च व्यापारीले नै गर्नुपर्ने छ । विद्युत सोमिटर भाडादार स्वंयमले जडान गर्नुपर्ने छ ।
५. मादक पदार्थ, ग्यारेज, रसायनिक पदार्थको गोदाम एवं नेपाल सरकारको कानूनले बन्देज लगाएको वस्तुहरुको व्यापार गर्न पाइने छैन ।
६. कोठा खालि गर्दा वा गराउँदा ३ महिना अगाडि दबै पक्षले लिखित जानकारी दिनुपर्ने छ ।
७. व्यक्तिको लागि नागरिकताको प्रमाण-पत्रको फोटोकापी तथा व्यवसायिक प्रयोजनका लागि नियमानुसार दर्ता भएका ग्राहकहरुको स्थायी लेखा नम्बर र स्थायी लेखा नम्बरको प्रमाण-पत्रको फोटोकापी अनिवार्य पेश गर्नुपर्ने छ ।
८. बोलपत्र प्रकाशनको मितिः- २०८०/१२/२२ गते
९. बोलपत्र दाखिला गर्ने अन्तिम मितिः- २०८१/०१/१६ दिनको ३:०० बजेसम्म ।
१०. बोलपत्र दाखिला गर्ने स्थानः- जनक हजारी विद्यापीठ प्रशासन शाखा दिनको ११:०० बजेदेखि ३:०० बजेसम्म ।
११. बोलपत्र खोल्ने मितिः-२०८१/०१/१८ गते दिनको ३:०० बजे ।
१२. बोलपत्र खोल्ने स्थानः- जनक हजारी विद्यापीठ
१३. टेण्डर स्वीकृत गर्ने नगर्ने अधिकार विद्यापीठमा निहित रहने छ ।
१४. एक व्यक्तिले २ वटा कोठा मात्र निल सक्नेछ भने संस्थाले ४ वटा कोठासम्म मात्र लिन सक्नेछ ।
१५. टेण्डर खोल्दा प्रतिनिधि उपस्थित हुनुपर्नेछ । उपस्थित नभएमा नियमानुसार भई जानेछ ।
१६. आ-आफ्नो व्यवसाय गर्ने स्थालहरु स्वयंमले नै सफा राख्नुपर्नेछ ।
१७. पसल कवोलको मासिक भाडा प्रत्येक महिनाको ५ गो भित्रमा ज.ह.वि.का. रा.बार बैंक पिडारी चौकको चल्ती खाता नम्बर १५२०१००००२४३००१ म जम्मा गरेको सक्कल बैंक भाउचर पेशप गर्नुपर्नेछ ।
१८. टेण्डर दाखिला गर्दा न्यूनतम रकमको ३ महिना बराबर रकमको १० प्रतिशतले हुने रु. १२००।- जनक हजारी विद्यापीठको रा.बा. बैंक पिडारी चौकको चल्ती खाता नम्बर १५२०१००००२४३००१ मा जम्मा गरेको सक्कल बैंक भाउचर संलग्न गर्नुपर्नेछ । उक्त टेण्डर स्वीकृत नभएकाहरुको बैंक दाखिला भएको रु.१२००।- २१ दिन पछि फिर्ता हुनेछ ।
१९. यो बोलपत्र ५ (पाँच) बर्षको लागि हुनेछ ।
२०. प्रत्येक २ वर्षमा भमा भाडा रकमको १०% का दरले भाडा वृद्धि हुँदै जानेछ ।
२१. टेण्डर स्वीकृत भएको सात दिन भित्र करार सम्झौता गरिसक्नु पर्नेछ । अन्यथा स्वतः रद्द हुनेछ ।

प्राचार्य
जनक हजारी विद्यापीठ (क्याम्पस)
जनकपुरधाम-८

# मिथिलामा तीन दिन ‘होरी’



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशमा दिनदिनै होली पर्वको रौनक छ । आइतबारबाट सुरु भएको होली मङ्गलबारसम्म खेल्ने तयारी मधेशमा छ । प्रदेशका आठवटै जिल्लाका उत्तरवर्ती क्षेत्रमा सघन बसोबास भएका पहाडी मूलका हिन्दू सोमबार पनि फागुपर्व मनाएका छन् । पूर्णिमा तिथिकै दिन फागु मनाइने परम्पराअनुसार पहाडी मूलका हिन्दूले सोमबार फागुवा मनाएका छन् ।

यता साधु परम्परा (मठ, गुरुकुल परम्परा)मा पूर्णिमा सकिएर लाग्ने प्रतिपदा तिथिमा फागु खेल्ने परम्परा छ । यसअनुसार मधेशका अधिकांश ठाउँमा सोमबार होली पर्व मनाइने तयारी छ। मिथिलाको माध्यमिकी परिक्रमा क्षेत्रभित्र अन्तगृह परिक्रमा सम्पन्न गरिएपछि त्यसको भोलिपल्ट पर्व मनाउने परम्परा छ। यसअनुसार सोमबार अन्तगृह परिक्रमा गरिएपछि मङ्गलबार होली खेलिनेछ।

पन्ध्र दिने मिथिला माध्यमिकी परिक्रमाको अन्तिम दिन जनकपुरधामको रङ्गभूमिमा अन्तिम बास बसेर १६औँ दिन बिहान अन्तगृह परिक्रमा गरिन्छ । अन्तगृह परिक्रमाकै क्रममा होलिका दहनको धुरा उडाएपछि (राक्षसी प्रवृत्तिकी प्रतीक मानिने होलिका राक्षसीको आकृति डढाएको खरानी उडाउने विधि) भोलिपल्ट होली मनाइने परम्पराअनुसार मङ्गलबार पर्व मनाउनपर्ने स्थापित मैथिल परम्परा भएको यसक्षेत्रको पाका मैथिल बताउँछन् ।

फागुपर्व तिथि टेकेर मनाइनुपर्ने हुँदा चैत कृष्ण प्रतिपदाका दिन मनाइनुपर्ने साधु परम्पराका अनुयायीको मत छ । यस मतका अनुयायी सोमबार पर्व मनाउने तयारीमा छन् । यसैगरी परिक्रमा यात्राको अन्तगृहलाई आधार मानिँदा पर्सी मङ्गलबार पर्व मनाइनेको संख्या उल्लेख्य देखिन्छ । खासमा १५ दिने मिथिला माध्यमिकी यात्राको एक सय ३३ किमी वृत्तभित्र मङ्गलबार पर्व मनाइने मैथिल संस्कृति र परम्पराका जानकार वरिष्ठ साहित्यकार परमेश्वर कापडि बताउँछन् ।

“मध्यमा परिक्रमा जनकपुरधामको रङ्गभूमि मैदानमा जम्मा भएकै दिन राति होलिका दहन गर्ने, भोलिपल्ट अन्तगृह परिक्रमासँगै धुरा उडाउने र त्यसको भोलिपल्ट पर्व मनाउने परम्परा छ”, कापडि भन्छन्, “यसमा सामान्यतया तिथिको कुरा त जोडिन्छ, तर कहिलेकाहीँ तिथिको भोग घटबढको असरले तलमाथि पर्छ ।”

मिथिलामा सामान्यतया चैतकृष्ण प्रतिपदाका दिन होली पर्व पर्ने भए पनि होलिका दहन र अन्तगृह परिक्रमा एक दिनको फरकमा हुने परम्पराले यसपालीको पर्व मङ्गलबार पुगेको कापडि बताउँछन् ।

यहाँ पहाडे र मूल मधेशी समुदायको अन्तर्घुलनले सबै परम्पराअनुसार एकअर्काको होली परम्परामा सरिक हुँदै आएका छन् । “प्रेम, सद्भाव र आपसी एकताको सन्देश दिने पर्वको अभीष्ट हो, हामी तीनै दिन एकआपसमा मिलेर होली खेल्छौँ”, नगराइन नगरपालिकाका मेयर विनय यादवले भने ।

आआफ्ना सुविधा र मान्यताअनुसार तीन दिन ‘होरी’ मनाइँदै गरिए पनि यसपाली होली शान्त नै देखिएको छ । बस्तीका घरघर र सडक गल्लीसम्म एकअर्कोलाई लोला हान्ने, भीड जम्मा हुने र रङ प्रयोगमा कमी देखिएपछि होली शान्त देखिएको छ। मधेश प्रदेशभित्रका आठै जिल्लामा जिल्ला प्रशासनले भीडभाड नगर्न, भीडभाडमा नजान, रङ र लोला नहान्न सार्वजनिक सूचना नै जारी गरेर अपिल गरेको छ।

# महामुर्ख सम्मेलन आज, होरी गायन प्रतियोगिता सम्पन्न

## प्रथम, द्वितीय, तृतीयलाई चाँदीको मेडल




**टुडे समचारदाता**

जनकपुरधाम । होलीको पूर्वसन्ध्यामा प्रत्येक वर्ष झैं यसवर्ष पनि मिथिला नाट्यकला परिषद्ले होरी गायन प्रतियोगिता सम्पन्न गरेको छ भने महामुर्ख सम्मेलन आज हुने भएको छ।

जनकपुरधाममा आइतबार मधेश प्रदेशको उद्योग वाणिज्य तथा पर्यटन मन्त्रालयको सह-आयोजनमा भएको सो होरी गायन प्रतियोगितामा पोखरभिण्डा होरैया समूह, सम्सी गाउँपालिका महोत्तरी प्रथम भएको छ।

सो प्रतियोगितामा बलहा कठाल होरैया समूह जनकनन्दनी गाउँपालिकाको महिला समूह द्वितीय स्थान र कटैया होरैया समूह, धनौजी गाउँपालिकाले तृतीय स्थान प्राप्त गरेको छ।

प्रथम, द्वितिय र तृतिय स्थान हुनेहरुलाई उद्योग वाणिज्य तथा पर्यटन मन्त्री सुनिता यादवले क्रमशः छ भरि, चार भरि र तीन भरि चाँदीको मेडलले पुरस्कृत गरेकी थिइन् ।

त्यस्तै थारु कल्याणकारी समूह कसहा, सप्तरी र मिरजापुर सर्लाही होरैया समूहलाई सान्त्वना पुरस्कारस्वरुप जनही दुई हजार पाँच सय रुपैयाँ मन्त्री यादवले प्रदान गरिन् ।

सो प्रतियोगितामा १० वटा होरैया समूह सहभागी भएको थियो।

सो १० समूह मध्येका विजेता छनोटकर्ताका रुपमा निर्णायक मण्डलसमेत गठन गरिएको थियो । सो निर्णायक मण्डलमा वरिष्ठ पत्रकार साहित्यकार हिमांशु चौधरी, गायक ललित कामत र शिक्षक तथा साहित्यकार प्रेम विदेह ललन रहेका थिए।

सो प्रतियोगिताको शुभारम्भ मन्त्री यादव र तराई मधेश लोकतान्त्रिक पार्टीका राष्ट्रिय अध्यक्ष वृषेश चन्द्रलाल, एमाले नेता शितल झा, जनकपुरधाम उपमहानगरपालिकाकामेयरमनोजकुमार साह र मिनापका पदाधिकारीहरुले संयुक्तरुपमा गरेका थिए। सो क्रममा गायक सुनिल मल्लिक, ललित कामत लगायतले होरी गीत गायन गरी प्रतियोगिताको शुभारम्भ गरेका थिए।

दुई दिनसम्म चल्ने होली महोत्सव अन्तर्गत पहिलो दिन होरैया गायन सम्पन्न भएको छ भने सोमबार महामुर्ख सम्मेलन हुने जनाइएको छ।

फागु पर्व सभ्य रुपमा मनाऔं ।

- आपसी सहमतिमा उल्लासपूर्वक फगुपर्व मनाऔं,
- लोला हान्ने, पानी छ्याप्ने तथा रङ्ग दल्ने जस्ता काम जबरजस्ती नगरौं,
- सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौं,
- हानिकारक र रसायनयुक्त रङ्गको प्रयोग नगरौं,
- मदिरा तथा लागु पदार्थको सेवन नगरौं,
- गैरकानूनी र उच्छृङ्खल व्यवहार नगरौं,

नेपाल सरकार
विज्ञापन बोर्ड

# सांस्कृतिक अनेकतामा एकता कायमको पर्व होली



हिमांशु चौधरी



दैहिक , लौकिक , उत्साह , उल्लास र मस्ती , संगीतमय , सरस र रमाइलोको पर्व होली विशिष्ट प्राचीन पर्व हो जसले सांस्कृतिक अनेकतामा एकता कायम राख्ने प्रेरणा दिंदै आएको छ । प्राचीनकालदेखि नै सबै समुदायलाई निकट ल्याउने पर्व रहँदै आएकाले पर्वको मुख्य तत्व रङ रहेको छ । प्रह्लाद ,कृष्ण ,राम , शिवका कथा प्रसङ्ग यस पर्वको धार्मिक आधार रहे तापनि यसको महत्व प्राकृतिक वातावरणसँगै मानिसको उल्लाससँग गाँसिएको छ। प्राचीन कालमा वसन्तोत्सव , काम महोत्सव आदि नामले चर्चित यो पर्व यतिबेला , फगुवा , फागु ,होरी र होलीका नामले विख्यात छ। यस मौसममा बगैंचाको फूलको आकर्षण रुखविरुवाको नयाँ मञ्जरीले मानिस , पशुपन्छी सर्बतिर परिपूर्ण एवम् उल्लासमय वातावरण बनाउने भएकाले यसलाई मित्रताको पर्वको सङ्ज्ञा पनि दिइएको छ।

सबै प्रकारका भेभावलाई भस्म ( होलिका दहन ) गरी परस्परमा रङ हाल्दै सबैलाई उल्लासको रङ्गीचङ्गी यसको धरातलीय पक्ष रहेको छ । फागुनमा मनाउने पर्व भएकाले यसलाई फाल्गुणी पनि भनिन्छ भने संस्कृत कोशअनुसार यसलाई होली भन्ने गरिन्छ । पौराणिक कथनअनुसार यस पवृको आरम्भ रघु राजाबाट भएको हो । प्राचीनकालमा अग्निमा अन्नद्वारा हवन गरी यज्ञभस्म शिरमा लगाइ मनाइने गरेकाले केही विद्वानले यस पर्वलाई वैदिककालीन पर्व पनि भन्ने गरेको पाइन्छ। प्राचीनकालमा यसलाई होलाका भनिन्थ्यो । प्राचीन ग्रन्थका श्लोक र मन्त्रहरुमा यो पर्व सबैले मनाउनुपर्छ भन्ने कुराको उल्लेख पाइन्छ। जैमिनी ,शबर ,वात्सायन आदिद्वारा रचित ग्रन्थ भविष्यपुराण , लिङ्गपुराण , वराहपुराण , हिमाद्रि आदिमा पनि होलीको उल्लेख छ।



प्रकृतिको सुन्दरतामा मनुष्यलाई प्रशन्न गरी उसका सबै घाउलाई भर्न सक्ने क्षमता छ। अतः मानिसको स्वभाव नै प्राकृतिक सौन्दर्यबाट प्रभावित हुने हुँदा प्रकृतिको पर्व मनाउनलाई पाश्चात्य देशमा एउटी सुन्दरी बालिकालाई रानीको सङ्ज्ञा दिइ वसन्त पर्व मनाउने चलन पनि पाइन्छ । प्राचीनकालमा वसन्तोत्सवका रुपमा मनाइने यो पर्व कालान्तरमा प्रह्लाद , कृष्ण , होलिका , ढण्डा आदिको कथा माध्यमले फागु , फगुवा , होलीका नामबाट पुकार्न थालिएको अनुमान गरिन्छ। यस पर्वलायृ असत्यमाथि सत्य , छलमाथि निश्छलताको , अधर्ममाथि धर्मको विजयको प्रतीक पनि मानिन्छ। फागुन महिनाको पूर्णिमाका दिन होलिका दहन गरिन्छ। अर्को दिन बिहाने उठेर होलित्सव मनाइन्छ ।होलिका वसन्त आरम्भको बेलाका एक लोकप्रिय पर्व हो । फागुलाई मैथिली भाषामा फगुवा अथवा होरी भनिन्छ । मिथिलाञ्चलमा यो पर्व अत्यन्त लोकप्रिय मानिन्छ । वराहपुराणमा फागुन पूर्णिमालाई पटवास विनाशनी भनिएको छ । पटवास भनेको अबीर जस्तो चूर्णलाई भनिन्छ।

होली पर्व बाल स्वास्थ्य तथा नारी सौभाग्यसित पनि सम्बन्धित छ। सत्य तथा ज्ञानको प्रतीक प्रह्लाद र विज्ञान तथा भौतिकतावादी हिरण्यकश्यपुको कथासँग यो पर्वलाई आध्यात्मवाद र भौतिकवादको द्वन्द्वका रुपमा पनि लिइन्छ । कृष्णले आफूलाई दुध पिलाउने पुतना राक्षसीको वध गरेपछि गोप गोपिनीले रासलीलाका साथ रङ खेलेर उत्सव मनाएको तथ्य पनि पाइन्छ । ब्रह्माले सृष्टिको शुभारम्भ पनि फागु पर्व मनाउने वसन्त ऋतुमा नै गरेको चेत्रेमासे जगत् ब्रह्म ससर्जप्रथमे हनि श्लोकबाट प्रमाणित हुन्छ। भगवान विष्णुले सत्ययुगमा यसैदिन मत्स्यावतार धारण गरेको शास्त्रहरुमा उल्लेख छ । प्रतापी राजा रघुको राज्यमा अमनचैन सुखशान्ति हुँदाहुँदै त्यहाँ ढुण्ढी नामकी राक्षसीले बालबालिकाको अपहरण गरी दुःख दिएको हुँदा चिन्तित राजाले राक्षसीलाई निकाल्ने प्रयास गरे पनि सफल नभएपछि वशिष्ठ ऋषिसँग अत्याचारबाट मुक्त हुने सुझाव लिइ अग्निकुण्ड बनाइ प्रचण्ड अग्नि जलाइ सो रापले नभेट्ने ठाउँमा बालबच्चा र ठूलाको उल्लासपूर्ण भेला गराइ अश्लील गालीगलौज गर्दे लखेट्दै गर्दा राक्षसी थकाइले मर्दा उनको शरीर जलाइ खरानी उडाइ टीका लगाइएको तथ्य पनि पाइन्छ। नराम्रो प्रवृत्ति उन्मूलनको खुशियालीमा वर्ष दिनमा एक पटक फागु पूर्णिमा तिथिमा अबरि आदि रङ र फूलका रस खेल्दै परस्परमा मनोरञ्जन गर्ने होली उत्सव मनाएको विश्वाससमेत रहेको छ।

कुनै कालखण्डको फागुन तिथिमा महादेवले कामदेवलाई नाश गरेको खुशियाली सन्दर्भमा यो पर्वको विशेषता र शुरुआत भएको मानिन्छ । मदन र कामदेवको भावलाई पूर्वीय र पाश्चात्य विद्वान वात्स्यायन र फ्रायडका विचारमा एकरुपता भएको पुष्टि विश्वप्रसिद्ध छ।दुबैको निष्कर्षमा रङ र पानीबाहेक यो पर्वलाई रति र कामको पूजन पर्व मदनोत्सव भनिएको पाइन्छ । श्रीमद्भागवत पुराणमा पुतना राक्षसीले बच्चाबच्चीलाई दुध चुसाउने निहुँमा दुःख दिएको , मारेको र कृष्णलाई समेत त्यसै गर्न लाग्दा कृष्णले पुतनालाई नै मारिदिएको र नगरवासीले राक्षसीको लाश जलाएको खरानीले ने होली खेलेको कथा पनि पाइन्छ । हिमालमा शिव पार्वतीले फागु उत्सव मनाएका, लङ्का युद्धमा रावणसँग विजयपछि अयोध्यावासीसँग राजा रामले खुशियालीका रपमा फागु खेलेका कथा आदिले असत्यमा सत्यको , अधर्ममा धर्मको, कुकर्ममा सुकर्मको जितको परिणाम उल्लेख छ।

होली पर्वको मूल प्रकृति हास , परिहास , सरलता , सद्भाव भएकाले कसैको चित्त दुखाउने अभिव्यक्ति आउनुहुँदैन । हास्यात्मक कुरा ,मजा लिने कुरासम्म गर्न मिल्छ तर अचेल सीमा नाघेर पनि आक्षेपात्मक कुरा महामूर्ख सम्मेलन वा उपाधि दिइँदा आउन थालेको देखिन्छ। यस पर्वको दुइटा मुख्य पाटो छ- एक रसरङ ,नाचगान , खानपिन , मनोरञ्जन। आफ्नो रङ्मा अरलाई रङ्ने ढोल , मजीरा , झाल ,मृदङ्ग बजाउँदै वातावरण र रसमय बनाउने । दोस्रो मनोमालिन्य , भेदभाव त्याग्दै भ्रातृत्व भावना बढाउने । त्यस कारण यसलाई होच्याउने , चित्त दुखाउने मनसाय नराखी सांस्कृतिक एकता भाव हुनु जरुरी छ । खास गरी पर्वका नाममा युवा शिक्षार्थीमा अनावशयक दुःख दिने ,बलजफ्ती गर्ने प्रवृत्ति बढ्दै गएका कारण पुरानो उत्साहमा निकै कमी आएको छ।

होली पर्वमा विशेष गरी रातो ,हरियो , पहेंलो र निलो रङको प्रयोग हुने गरे तापनि आजभोलि अरु रङको प्रयोग पनि भएको देखिन्छ। यी रङ हिन्दूलगायत अन्य धर्मका धार्मिक सूचकका रुपमा प्रयोग हुने गरेको छ। रङलाई उत्साह , उमंग , प्रसन्नता र सद्भावको प्रतीक मानिन्छ। रङ अनेक छन् । इन्द्रेनीका सातै रंग सबैभन्दा महत्वपूर्ण रहेका छन्। सूर्यलाई रङको मुहान मानिन्छ। रातो रङलाई शक्ति र सौभाग्यको सूचक मानिन्छ त्यसैले विशेषतः देवीले रातो रङको पहिरन लगाएको देखाउने गरिन्छ । हरेक धार्मिक कार्यमा यसको प्रयोग हुन्छ। सफा , स्वच्छ र चित्त शुद्धिको प्रतीक रातो रङलाई साहस र प्रेमको प्रतीक पनि मानिएको छ । हरियो रङलाई प्राण ,जीवनशक्ति एवम् मार्मिकताको प्रतीक मानिन्छ । यसलाई जीवनशक्तिको भित्री मर्म बुझ्ने जीवित रङ पनि भनिन्छ। पहेंलो रङलाई भक्ति र धर्म परायणताका रुपमा लिइन्छ। निलो रङलाई धर्मयुद्धको प्रतीक मानिन्छ । त्यसैले नील वर्णका भगवान् विष्णु र शिवले अधर्मको नाश गर्न र धर्मको रक्षा गर्न प्रत्येक युगमा अवतार लिंदे आएको मान्यता पनि पाइन्छ । होलीका सन्दर्भमा चलेका पौराणिक कथनहरु भए पनि यसको वास्तविक विषय मानिसको जीवनमा थप उर्जा प्राप्त गर्नु हो।

सृष्टिको उषाकालदेखि नै ब्रह्माण्डमा रङको अद्वितीय स्थान छ। ग्रहहरुमा सूर्यको रातो , चन्द्रको सेतो , मंगलको रातो , बुधको पहेंलो, वृहस्पतिको पहेंलो , शुक्रको सेतो , शनिको कालो ,राहुको कालो र केतुको ध्वाँसे रङ रहेको छ। रङप्रेमी भएकै कारण रङ न ढङको कुरालाई मन पराउने गरिएको छैन् । यसरी प्राचीनकालदेखि आजसम्म अविछिन्नरुपमा अनेक रुपरङ फेर्दे सृष्टिमा सौन्दर्य छर्दे समानताको , एकताको पाठ सिकाउँदै आएको छ। वैमनस्य हराउने , जातपात, छुवाछुत ,भेदभाव टुटने , सस्ता ,हलुका गीतसँगै गम्भीर गीत गुञ्जमानका साथ प्रगति , स्फूर्ति तथा नयाँ सौन्दर्य प्रदान गर्न राम खेले होरी , लक्षुमन खेले होरी , रामजीके हाथमे कनक पिचकारी , सियाजीके हाथ अबीर झोरी जस्ता होरी गीतले यसको विराटता , अनेकतामा एकतालाई सुदृड राख्नु आवश्यक छ।

सैनिक आवासीय महाविद्यालय
बर्दिबास, महोत्तरी

विद्यार्थी भर्ना सम्बन्धी सूचना

१. आगामी शैक्षिक सत्र २०८१ को लागि यस सैनिक आवासीय महाविद्यालय, बर्दिबास, महोत्तरीमा कक्षा ६ मा अनुशासित वातावरणमा पूर्ण अङ्ग्रेजी माध्यमबाट अध्ययन/अध्यापन गराउन इच्छुक नेपाली सेनाका सकल दर्जा (बहालवाला तथा भू.पू. सैनिक) तथा मधेश प्रदेशका गैर सैनिक व्यक्तिका छोरा/छोरीहरुको भर्नाको लागि नियमानुसार दरखास्त आह्वान गरिन्छ।
२. साथै, मधेश प्रदेशका आर्थिक अवस्था कमजोर भएका जेहेन्दार (नेपाल सरकारद्वारा सूचिकृत मधेशी दलित, विपन्न, पिछडिएका एवं टुहुरा) बालबालिकाहरु मध्येबाट मधेश प्रदेशका ८ वटा प्रत्येक जिल्लाहरुबाट छात्र र छात्रा १/१ (एक/एक) लाई पूर्ण छात्रवृत्तिको व्यवस्था रहेको छ।
३. विस्तृत जानकारीको लागि नेपाली सेनाको वेवसाइट www.nepalarmy.mil.np साथै, यस महाविद्यालयकोFacebook Page अथवा वेवसाइट www.sambm.edu.np मा समेत हेर्न सकिन्छ।

दरखास्त बुझाउने अन्तिम मिति र समय
२०८० चैत्र २० गते मंगलबार दिउँसो ४ बजे सम्म ।
सम्पर्क नं. ९८५४०३००७०, ०४४-५९०१०३

होलीको शुभकामना तथा अपिल

हर्षोल्लासका साथ मनाइने होली पर्वको उपलक्ष्यमा सम्पुर्ण गाउ,नगर,प्रदेश र देशवासीहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ । होलीको रंग झै सवैको जीवन रंगमय,सुखमय र उल्लासमय बनिरहोस ।

फागुपर्व सभ्य रुपमा मनाऔ ।

➢आपसी सहमतिमा उल्लासपुर्वक फागुपर्व मनाऔ ।
➢जवरजस्ती लोला हान्ने,पानी छयाप्ने तथा रंग दल्ने काम नगरौ ।
➢सामाजिक तथा साँस्कृतिक मर्यादा र शिष्टाचारको पालना गरौ ।
➢हानिकारक र रसायनयुक्त रंगको प्रयोग नगरौ ।
➢मदिरा तथा लागु पदार्थको सेवन नगरौ ।
➢गैरकानुनी र उच्छृंखल व्यवहार नगरौ ।
➢चाडपर्वलाई मौलिकरुपमा मनाऔ,सभ्य नागरिकको परिचय दिऔ



शैलेन्द्र यादव
नगरप्रमुख
तथा
सम्पुर्ण लोहारपट्टी नगरपालिका
परिवार

लोहारपट्टी नगरपालिकाको कार्यालय
लोहारपट्टी, महोत्तरी

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८